# कोभिड-१९ प्रतिवेदन

(मिति २०७६/१२/११ देखि २०७७/०५/३१ गतेसम्म)

COVID-19
Prevention Network

जिल्ला प्रशासन कार्यालय

बर्दिया

विषय-सूची


१. प्रस्तावना ........ ३

२. क्वारेन्टीनमा बसेकाहरुको विवरण ........ ३

३. आइसोलेसनमा बसेकाहरुको विवरण ........ ५

४. कोभिड-१९ संक्रमितहरुको विवरण ........ ६

५. जिल्लाभित्र भित्रिएकाहरुको विवरण ........ ८

६. कार्ययोजना, कार्यदिश, निर्देशिका, मापदण्ड तथा कार्यविधिहरु ........ ९

७. विभिन्न समयमा भएका निर्णय तथा सूचनाहरु ........ १०

८. खाद्यान्न वितरण ........ ११

९. प्राप्त स्वास्थ्य सामग्रीहरु ........ ११

१०. वितरण गरिएको स्वास्थ्य सामग्रीहरु ........ १२

११. बाँकी रहेको स्वास्थ्य सामग्रीहरु ........ १३

१२. दैनिक परिचालित/खटिएका जनशक्तिहरुको विवरण ........ १४

१३. बजार अनुगमन ........ १४

१४. निर्णय कार्यान्वयनमा देखिएका चुनौती तथा समस्याहरु ........ १४

१५. गरिएका/भएका प्रयासहरु ........ १५

१६. अबलम्बन गरिएको रणनीतिहरुः ........ १७

१७. निष्कर्ष ........ १७

१८. अनुसूची-१ जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(घ्ऋऋत्ग्) का पदाधिकारीहरुको विवरण ........ १८

१९. अनुसूची-२ कोभिडमैत्री भएका एम्बुलेन्सहरुको विवरण ........ १८

२०. कोभिड-१९ को दैनिक प्रतिवेदनमा भूमिका खेल्ने पदाधिकारीहरु ........ १९

२१. स्थानीय तहका स्वास्थ्य सम्पर्क व्यक्ति ........ १९

२२. कोभिड-१९ परिक्षणको लागी Sample collection, Transportation, Storage & Biosafety तथा Rapid Diagnostic Test को तालिम लिएका प्रयोगशालाकर्मीहरुको विवरण ........ २०

२३. कोभिड-१९ मैत्रि एम्बुलेन्सहरुको विवरण ........ २०

# कोरोना भाइरस (COVID-19)

## १. प्रस्तावना

कोरोना भाइरस(COVID- 19) सर्वप्रथम २०१९ को डिसेम्वरवाट चीनको बुहान शहरवाट देखिए पछि विश्वव्यापी रुपमा क्रमशः महामारीको रुपमा फैलिदै आएको सर्वविदितै छ । विश्वव्यापी रुपमा फैलिने क्रममा नेपालमा समेत देखिए पछि यस जिल्लामा पनि औपचारिक रुपमा मिति २०७६/११/२१ मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसि नोबेल कोरोना भाइरस नियन्त्रणका लागि जनचेतनामुलक प्रचार प्रसार गर्ने भनी बैठक बसि जिल्लामा सोही अनुसार विभिन्न गतिविधी सन्चालन गरिएको थियो ।

विशेषत, भारतीय सिमा क्षेत्रसंग जोडीएको साथै रोजगारीका लागि तेस्रो मुलक तथा देशमा विभिन्न ठाउँमा अत्याधिक रुपमा जाने गरेकोले शुरुवातदेखि नै यस जिल्लालाई उच्च जोखिममा राखीएको थियो । कोरोना भाइरस (COVID- 19) को जोखिम नियन्त्रणको लागि उच्च प्राथिमकता राखी शुरुदेखी नै जिल्लामा विभिन्न कार्यहरु गरिएको थियो। संघ, प्रदेश, स्थानीय तह वीचको उच्च समन्वयमा जिल्ला स्तरको सवै सरोकारवाला निकायहरुको सहकार्य तथा समन्वयमा विभिन्न समयमा महत्वपुर्ण कार्य-योजना निमार्ण गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिइदै आइरहेको छ। जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला कोविड-१९ संकट व्यवस्थापन केन्द्र मार्फत कोरोना भाइरसको रोकथाम तथा नियन्त्रण कार्य हुदै आइरहेको छ । विशेष गरि कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि समुदायस्तरसम्मै जनचेतना फैलाउने सुरक्षाका स्वास्थ्य मापदन्डको पुर्ण पालना गराउने, निति, नियम तथा निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा सवै स्थानीय तहसंग प्रभावकारी समन्वय तथा सहकार्य हुदै मिति २०७६/१२/०३ मा कार्ययोजना सहित कार्यान्वयनमा आएको छ । यस जिल्लामा मिति २०७७/०१/२९ गते पहिलो संक्रमित भएको पुष्टि भए पश्चात मिति २०७७ भाद्र मसान्तसम्म जम्मा ५२६ जनामा संक्रमण देखिएको छ ।

क्वारेन्टीन तथा आइसोलेसन व्यवस्थापन, संक्रमितहरुको उपचार र Contract Tracing प्रभावकारी बनाउने, स्वास्थ्य संरचनाहरुको स्तरोन्नती आवश्यक स्रोत तथा सामाग्रीको उपलव्धतालाई कायान्वयन गर्ने गरिएको छ । शुरुवाती अवस्थामा नेपाल सरकारबाट RDT परीक्षणलाई मान्यता दिए पनि अहिले आएर मान्यता नदिएकाले PCR गरेर मात्र घर पठाउने गरिएको छ । यस प्रतिवेदनले मिति २०७७/११/२१ देखि मिति २०७७ भाद्र मसान्तसम्म कोरोना रोकथाम, नियन्त्रणका लागि यस जिल्लाबाट भए गरेका सम्पुर्ण गतिविधिहरु समेट्ने प्रयास गरेको छ ।

## २. क्वारेन्टीनमा बसेकाहरुको विवरण

क. स्थानीय तह अनुसार हालसम्म क्वारेन्टीनमा बसेकाहरुको विवरण

| क्र.सं. | स्थानीय तह | क्वारेन्टीन सं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १. | गुलरिया नगरपालिका | २५ | १३५२ | ७२३ | २०७५ |
| २. | बाँसगढी नगरपालिका | २१ | १५५८ | २२६ | १७८४ |

| क्र.सं. | स्थानीय तह | क्वारेन्टीन सं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| ३. | बारबर्दिया नगरपालिका | ५६ | २७०७ | ५६१ | ३२६८ |
| ४. | ठाकुरबाबा नगरपालिका | १४ | ९२० | १३४ | १०५४ |
| ५. | मधुवन नगरपालिका | १४ | १९४० | १५० | २०९० |
| ६. | राजापुर नगरपालिका | १८ | ४०० | १५५० | १९५० |
| ७. | बढैयाताल गाउँपालिका | १६ | १०२० | २३४ | १२५४ |
| ८. | गेरुवा गाउँपालिका | १२ | १२१८ | ३२० | १५३८ |
| जम्मा | | १७६ | ११११५ | ३८९८ | १५०१३ |

ख. महिना अनुसार क्वारेन्टीनमा बसेको विवरण

| क्र.सं. | महिना | क्वारेन्टीन वेड सं. | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|---|
| १. | २०७६ चैत्र | ४९० | २७१ | २५१ | २० |
| २. | २०७७ बैशाख | ३५४९ | ४६२ | ३६८ | ९० |
| ३. | २०७७ जेष्ठ | ६९७२ | ३७९१ | ३१७९ | ६१२ |
| ४. | २०७७ असार | ६०२२ | ५१९ | ४१८ | १०१ |
| ५. | २०७७ श्रावण | ७८३ | ३२९ | २४६ | ८३ |
| ६. | २०७७ भाद्र | ८७० | २७४ | १८९ | ८५ |
| जम्मा | | | ५६४६ | ४६५१ | ९९१ |

ग. अहिले रहेका क्वारेन्टीन संख्या र बसेकाहरुको विवरण

| क्र.सं. | स्थानीय तह | क्वारेन्टीन सं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १. | गेरूवा गाउँपालिका | १ | २६ | ७ | ३३ |
| २. | गुलरिया नगरपालिका | २ | २३ | १० | ३३ |
| ३. | बाँसगढी नगरपालिका | १ | १५ | ९ | २४ |
| ४. | बारवर्दिया नगरपालिका | ४ | ३१ | ११ | ४२ |
| ५. | ठाकुरबाबा नगरपालिका | १ | ११ | ६ | १७ |
| ६. | राजापुर नगरपालिका | १ | २६ | २१ | ४७ |
| ७. | मधुवन नगरपालिका | १ | ३० | ९ | ३९ |
| ८. | बढैयाताल गाउँपालिका | १ | २७ | १२ | ३९ |
| जम्मा | | १२ | १८९ | ८५ | २७४ |

घ. RDT/PCR गरे अनुसार

| क्र.सं. | स्थानीय तह | RDT | | PCR | | |
|---|---|---|---|---|---|---|
| | | नेगेटिभ | पोजेटिभ | नेगेटिभ | पोजेटिभ | प्रकृयामा |
| १. | गुलरिया नगरपालिका | १६८८ | ७१ | १८५५ | ६० | २५ |
| २. | बाँसगढी नगरपालिका | १५५७ | ७१ | १४४८ | १६६ | ४३ |
| ३. | बारबर्दिया नगरपालिका | २९३१ | ६७ | १२७२ | ३७ | २७ |
| ४. | ठाकुरबाबा नगरपालिका | ११४० | ४९ | १११३ | ४१ | ११५ |
| ५. | मधुवन नगरपालिका | १५४२ | ५३ | ११८० | ६१ | २३ |
| ६. | राजापुर नगरपालिका | १४७० | १७ | १२६२ | ४० | १८ |
| ७. | बढैयाताल गाउँपालिका | १११८ | ५४ | ९६५ | ६७ | ० |
| ८. | गेरुवा गाउँपालिका | ११५७ | २३ | ७०५ | ३१ | २८ |
| ९. | अन्य | ५९ | २ | १४४ | ३ | ० |
| जम्मा | | २५२५२ | ८१२ | ९९४४ | ५०६ | २७९ |

## ३. आइसोलेसनमा बसेकाहरुको विवरण

क. स्थानीय तह अनुसार

| क्र.सं. | स्थानीय तह | आइसोलेसन संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १. | गुलरिया नगरपालिका | २ | ३९ | ५ | ४४ |
| २. | बाँसगढी नगरपालिका | १ | ३८ | ५ | ४३ |
| ३. | बारबर्दिया नगरपालिका | १ | १३ | ६ | १९ |
| ४. | ठाकुरबाबा नगरपालिका | २ | २६ | १७ | ४३ |
| ५. | मधुवन नगरपालिका | ० | ४१ | ६ | ४७ |
| ६. | राजापुर नगरपालिका | २ | २७ | ८ | ३५ |
| ७. | बढैयाताल गाउँपालिका | १ | ५९ | ७ | ६६ |
| ८. | गेरुवा गाउँपालिका | २ | २४ | ७ | ३१ |
| जम्मा | | ११ | २६७ | ६२ | ३२९ |

ख. घर फर्केका

| क्र.सं. | स्थानीय तह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | गुलरिया नगरपालिका | ४३ | ९ | ५२ |
| २. | बाँसगढी नगरपालिका | ४० | ८ | ४८ |
| ३. | बारबर्दिया नगरपालिका | १५ | ७ | २२ |
| ४. | ठाकुरबाबा नगरपालिका | २७ | १७ | ४४ |
| ५. | मधुवन नगरपालिका | ४४ | ६ | ५० |
| ६. | राजापुर नगरपालिका | २७ | ८ | ३५ |
| ७. | बढैयाताल गाउँपालिका | ५९ | ८ | ६७ |

| क्र.सं. | स्थानीय तह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| ८. | गेरुवा गाउँपालिका | २४ | ८ | ३२ |
| जम्मा | | २७९ | ७१ | ३५० |

ग. मृत्यू भएका

| क्र.सं. | स्थानीय तह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | गुलरिया नगरपालिका | ० | ० | ० |
| २. | बाँसगढी नगरपालिका | ० | ० | ० |
| ३. | बारबर्दिया नगरपालिका | ० | ० | ० |
| ४. | ठाकुरबाबा नगरपालिका | ० | ० | ० |
| ५. | मधुवन नगरपालिका | १ | ० | १ |
| ६. | राजापुर नगरपालिका | ० | ० | ० |
| ७. | बढैयाताल गाउँपालिका | ० | ० | ० |
| ८. | गेरुवा गाउँपालिका | ० | ० | ० |
| जम्मा | | १ | ० | १ |

## ४. कोभिड-१९ संक्रमितहरुको विवरण

क. जम्मा संक्रमितहरुको विवरण

| क्र.सं. | स्थानीय तह | आइसोलेसन संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १. | गुलरिया नगरपालिका | २ | ४९ | १५ | ६४ |
| २. | बाँसगढी नगरपालिका | १ | ९० | ७२ | १६२ |
| ३. | बारबर्दिया नगरपालिका | १ | २१ | १६ | ३७ |
| ४. | ठाकुरबाबा नगरपालिका | २ | २९ | १८ | ४७ |
| ५. | मधुवन नगरपालिका | ० | ५४ | १० | ६४ |
| ६. | राजापुर नगरपालिका | २ | ३० | १० | ४० |
| ७. | बढैयाताल गाउँपालिका | १ | ६७ | १२ | ७९ |
| ८. | गेरुवा गाउँपालिका | २ | २५ | ८ | ३३ |
| जम्मा | | ११ | ३६५ | १६१ | ५२६ |

ख. भ्रमण अवस्था अनुसारको संक्रमित विवरण

| **स्थानिय तह** | **जिल्लाभित्रै संक्रमण भएका** | | | **बाहिरबाट संक्रमण भइ आएका** | | | **कुल जम्मा** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** |
| गुलरिया नगरपालिका | १४ | १९ | ३३ | १ | ३० | ३१ | १५ | ४९ | ६४ |
| बाँसगढी नगरपालिका | ७० | ६२ | १३२ | २ | २८ | ३० | ७२ | ९० | १६२ |
| बारबर्दिया नगरपालिका | ७ | ८ | १५ | ९ | १३ | २२ | १६ | २१ | ३७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ठाकुरबाबा नगरपालिका | १३ | ९ | २२ | ६ | १९ | २५ | १९ | २८ | ४७ |
| मधुवन नगरपालिका | ४ | ११ | १५ | ६ | ४३ | ४९ | १० | ५४ | ६४ |
| राजापुर नगरपालिका | ३ | ९ | १२ | ७ | २१ | २८ | १० | ३० | ४० |
| बढैयाताल गाउँपालिका | ६ | १२ | १८ | ६ | ५५ | ६१ | १२ | ६७ | ७९ |
| गेरुवा गाउँपालिका | १ | ३ | ४ | ७ | २२ | २९ | ८ | २५ | ३३ |
| **जम्मा** | ११८ | १३३ | २५१ | ४४ | २३१ | २७५ | १६२ | ३६४ | ५२६ |

ग. उमेर समुह अनुसार संक्रमिकहरुको विवरण

| **स्थानिय तह** | **५ वर्ष मुनी** | | **५-१५ वर्ष** | | **१६-६० वर्ष** | | **६० वर्ष माथी** | |
|---|---|---|---|---|---|---|---|---|
| | **महिला** | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | **पुरुष** |
| गुलरिया नपा | ० | ० | १ | २ | १४ | ४४ | ० | ३ |
| बाँसगढी नपा | १ | ३ | ६ | १० | ६२ | ७५ | ३ | २ |
| बारबर्दिया नपा | १ | ० | ० | ० | १५ | २१ | ० | ० |
| ठाकुरबाबा नपा | ० | १ | १ | ० | १७ | २८ | ० | ० |
| मधुवन नपा | २ | ० | ० | ० | ८ | ५३ | ० | १ |
| राजापुर नपा | २ | १ | १ | ० | ७ | २९ | ० | ० |
| बढैयाताल गापा | ० | १ | १ | २ | ११ | ६३ | ० | १ |
| गेरुवा गापा | ० | १ | १ | १ | ६ | २० | १ | ३ |
| **जम्मा** | ६ | ७ | ११ | १५ | १४० | ३३३ | ४ | १० |

घ. जातजाती अनुसार संक्रमितहरुको विवरण

| स्थानिय तह | दलित | | जनजाती | | मधेशी | | मुस्लिम | | ब्राह्मण/क्षेत्री | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. |
| गुलरिया नपा | १ | ४ | ३ | ८ | १ | १८ | ४ | ८ | ६ | ११ | ० | ० |
| बाँसगढी नपा | ११ | ९ | १६ | ३४ | ० | २ | ० | ० | ४५ | ४४ | ० | १ |
| बारबर्दिया नपा | ५ | ८ | ७ | ११ | ० | ० | ० | ० | ४ | २ | ० | ० |
| ठाकुरबाबा नपा | १ | ३ | ७ | ४ | ० | १ | ० | ० | १० | २० | ० | १ |
| मधुवन नपा | ० | २२ | २ | ९ | ० | १ | ० | ० | ७ | २२ | १ | ० |
| राजापुर नपा | २ | ५ | ३ | १५ | १ | ० | १ | २ | ३ | ८ | ० | ० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बढैयाताल गापा | ४ | २४ | ५ | १९ | ० | १ | ० | १ | २ | २२ | १ | ० |
| गेरुवा गापा | ३ | ४ | २ | १३ | ० | ० | ० | ० | ३ | ८ | ० | ० |
| **जम्मा** | २७ | ७९ | ४५ | ११३ | २ | २३ | ५ | ११ | ८० | १३७ | २ | २ |

ङ. पेशा अनुसार संक्रमितहरुको विवरण

| **विवरण** | **गुलरिया** | **वाँसगढी** | **वारबर्दिया** | **ठाकुरबाबा** | **मधुवन** | **राजापुर** | **वढैयाताल** | **गेरुवा** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|
| मजदुर | ३३ | ८८ | २२ | ३१ | ५० | २९ | ६४ | २६ | ३४३ |
| व्यापारी | ३ | १८ | १ | ० | १ | ४ | ० | ० | २७ |
| निजामती | ३ | १ | १ | २ | ० | ० | २ | ० | ९ |
| स्वास्थकर्मी | ० | ० | १ | ३ | २ | ० | ३ | ० | ९ |
| नेपाल प्रहरी | ३ | १ | ० | २ | ४ | ० | ० | १ | ११ |
| नेपाली सेना | ० | ० | ० | ० | १ | १ | ० | ० | २ |
| भारतिय सेना | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| संचार कर्मी | १ | ० | ० | ० | ० | ० | ० | ० | १ |
| विद्यार्थी | ४ | २१ | ० | २ | १ | २ | ४ | २ | ३६ |
| वालवालिका | ० | ३ | १ | ० | २ | ३ | १ | १ | ११ |
| शिक्षक | ० | १ | ० | ० | ० | ० | ० | ० | १ |
| गृहणी | ७ | १७ | ० | ३ | २ | ० | २ | १ | ३२ |
| जेष्ठ नागरिक | १ | १ | ० | ० | ० | ० | १ | २ | ५ |
| राजनितीकर्मी | ० | १ | ० | ० | ० | ० | ० | ० | १ |
| वैंक तथा वित्तिय संस्था | ६ | ७ | ० | ३ | ० | ० | १ | ० | १७ |
| कृषि | ३ | २ | ११ | ० | १ | १ | ० | ० | १८ |
| होटल | ० | १ | ० | १ | ० | ० | ० | ० | २ |
| **जम्मा संक्रमण** | ६४ | १६२ | ३७ | ४७ | ६४ | ४० | ७९ | ३३ | ५२६ |

च. मिति २०७७/०५/३१ गते आइसोलेनसमा बसिरहेका विरामीहरुको विवरण

| क्र.सं. | स्थानीय तह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | गुलरिया नगरपालिका | ६ | ६ | १२ |
| २. | बाँसगढी नगरपालिका | ५० | ६४ | ११४ |
| ३. | बारबर्दिया नगरपालिका | ६ | ९ | १५ |
| ४. | ठाकुरबाबा नगरपालिका | २ | १ | ३ |
| ५. | मधुवन नगरपालिका | ९ | ४ | १३ |
| ६. | राजापुर नगरपालिका | ३ | २ | ५ |
| ७. | बढैयाताल गाउँपालिका | ८ | ४ | १२ |
| ८. | गेरुवा गाउँपालिका | १ | ० | १ |
| जम्मा | | ८५ | ९० | १७५ |

## ५. जिल्लाभित्र भित्रिएकाहरुको विवरण

क. अन्य जिल्लाबाट आएका

| क्र.सं. | स्थानीय तह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | गुलरिया नगरपालिका | ६०१ | ९० | ६९१ |

| क्र.सं. | स्थानीय तह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| २. | बाँसगढी नगरपालिका | ३० | ७ | ३७ |
| ३. | बारबर्दिया नगरपालिका | ७८३ | १७८ | ११६१ |
| ४. | ठाकुरबाबा नगरपालिका | १७६ | २७ | २०३ |
| ५. | मधुवन नगरपालिका | ५८० | १११ | ६९१ |
| ६. | राजापुर नगरपालिका | ४२६ | १३७ | ५६३ |
| ७. | बढैयाताल गाउँपालिका | ८१ | १० | ९१ |
| ८. | गेरुवा गाउँपालिका | ३४९ | १०१ | ४५० |
| जम्मा | | ३१६३ | ६६१ | ३८२४ |

ख. भारतबाट आएका

| क्र.सं. | स्थानीय तह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | गुलरिया नगरपालिका | १३७८ | २५४ | १६३२ |
| २. | बाँसगढी नगरपालिका | १४५५ | ११६ | १५७१ |
| ३. | बारबर्दिया नगरपालिका | ७३७ | १४० | ८७७ |
| ४. | ठाकुरबाबा नगरपालिका | ६९५ | १२५ | ८२० |
| ५. | मधुवन नगरपालिका | ११२६ | १९९ | १३२५ |
| ६. | राजापुर नगरपालिका | १०५१ | १६५ | १२१६ |
| ७. | बढैयाताल गाउँपालिका | ११९२ | ११५ | १३०७ |
| ८. | गेरुवा गाउँपालिका | ९०७ | २१५ | ११२२ |
| जम्मा | | ८५४१ | १३२९ | ९८७० |

ग. तेस्रो मुलुकबाट आएका

| क्र.सं. | स्थानीय तह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | गुलरिया नगरपालिका | ६ | १ | ७ |
| २. | बाँसगढी नगरपालिका | १८ | ० | १८ |
| ३. | बारबर्दिया नगरपालिका | २९ | ३ | ३२ |
| ४. | ठाकुरबाबा नगरपालिका | ८ | ० | ८ |
| ५. | मधुवन नगरपालिका | ८ | ५ | १३ |
| ६. | राजापुर नगरपालिका | १५ | ० | १५ |
| ७. | बढैयाताल गाउँपालिका | ४४ | ३ | ४७ |
| ८. | गेरुवा गाउँपालिका | २१ | ० | २१ |
| जम्मा | | १३२ | १२ | १४४ |

## ६. कार्ययोजना, कार्यदिश, निर्देशिका, मापदण्ड तथा कार्यविधिहरु

क. जिल्लागत तथा स्थानीय तहगत संरचना निर्माण सम्वन्धी कार्यदिश

ख. कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागि समुदायमा स्वयंसेवक परिचालन सम्वन्धी मार्गदर्शन २०७६

ग. isolation center संचालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७

घ. Isolation कोष संचालन कार्यविधि २०७७

ङ. National Testing Guideline for COVID-१९

च. अत्यावश्यक सेवा संचालनमा प्रयोग हुने सवारी साधनका लागि जारी हुने सवारी साधन अनुमति पत्र सम्वन्धी कार्यविधि २०७६

छ. कोभिड-१९ केशको आइसोलेसन व्यव्थापन सम्वन्धि निर्देशिका

ज. कोभिड-१९ मा नेपाली नागरिकलाई स्वदेश आउन सहजिकरण गर्ने सम्वन्धी आदेश २०७७

झ. कोभिड-१९ सक्रमितको शव व्यवस्थापन  सम्बन्धी, २०७६

ञ. कोरोना भाइरस सम्वन्धी क्वारेन्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६

ट. बन्दाबन्दीलाई व्यवस्थित गर्ने सम्वन्धी सुरक्षा मापदण्ड, २०७७

ठ. अत्यावश्यक सेवा संचालनमा प्रयोग हुने सवारी साधनका लागि जारी हुने सवारी साधन अनुमतिपत्र सम्वन्धी कार्यविधि २०७६

ड. कोभिड-१९ का कारण मृत्यू भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्वन्धी संक्षिप्त कार्यविधि २०७६

ढ. कोभिड-१९ नियन्त्रण तथा रोकथाम सम्वन्धी कार्ययोजना २०७६ बर्दिया

ण. कोभिड-१९ संक्रमितहरूको आइसोलेसन सम्बन्धी स्वास्थ्य मापदण्ड, २०७७

त. हेलिप्याड संचालन तथा निर्माण निर्देशिका-२०७६

## ७. विभिन्न समयमा भएका निर्णय तथा सूचनाहरु

क. DCCMC ले गरेका निर्णयहरु

ख. DDMC ले गरेका निर्णयहरु

ग. सूचनाहरु

**मिति २०७६//११/१९ गते बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछानेको अध्यक्षतामा बसेको नोबेल कोरोना भाइरसको संक्रमणबाट जोगिने उपायका सम्वन्धमा बसेको सरोकारवालाहरुको बैठकबाट देहाय बमोजिम निर्णय भएकोले निर्णय कार्यान्वयन गर्न गराउनुहुन सम्वन्धित सबैमा जिल्ला प्रशासन कार्यालय बर्दिया हार्द्धीक अनुरोध गर्दछ ।**

१. नोवेल कोरोना भाईरसको संक्रमण रोकथाम सम्बन्धमा छलफल गर्दा विश्व व्यापी रुपमा फैलिरहेको र नेपाल समेत उच्च जोखिम रहेको नोवेल कोरोना कोभिड १९ भाईरसको संभावित संक्रमणबाट जोगिनका लागि तपसिल अनुसार गर्ने/गराउने ।

क) नोवेल कोरोना भाईरस बाट बच्ने उपायहरुको बारेमा स्वास्थ्य संदेश स्वास्थ्य कार्यालय, बर्दियाबाट तयार पारी रेडियो, पत्र-पत्रिका, टेलिभिजन, सामाजिक संजालबाट प्रकाशन तथा प्रशारण गरी दिन सरोकारवाला निकायहरु संग अनुरोध गर्ने ।

ख) भारतसंग नाका जोडिएका स्थानीय तहहरुबाट ईन्फ्रारेड थर्मोमिटर सहितको स्वास्थ्य सहायता कक्षा संचालन गर्न बढैयाताल गाउँपालिका, गुलरिया, मधुवन र राजापुर नगरपालिकालाई अनुरोध गर्ने ।

ग) विद्यालय मार्फत नोवेल कोरोना भाईरसबाट बच्ने उपायहरुको बारेमा सुचना प्रवाह गर्दा प्रभावकारी हुने भएकोले विद्यलय मार्फत नोवेल कोरोना भाईरसबाट बच्ने उपायको बारेमा सुचना प्रवाह गर्न शिक्षा विकास तथा समन्वय ईकाइ तथा गाउँपालिका/नगरपालिकाको शिक्षा शाखाले आवश्यक प्रबन्ध मिलाउने।

घ) बर्दिया अस्पताल लगायत यस जिल्लाका सबै स्वास्थ्य संस्थाहरुलाई तयारी अवस्थामा रहन तथा उच्च सतर्कता अपनाउन स्वास्थ्य कार्यालय, बर्दियाबाट सबै स्वास्थ्य संस्थाहरुमा पत्राचार गर्ने । अत्यावश्यक औषधीको न्यूनतम मौजदात राख्ने व्यवस्था मिलाउने/मास्क, स्यानीयटर, ग्लोब जस्ता बस्तुहरु उचित मूल्यमा विक्रि वितरण हुने व्यवस्थाका लागि औषधी व्यवसायी सघलाई अनुरोध गर्ने ।

ङ) कोरोना भाईरसको शंकास्पद विरामीहरुलाई उपचार गर्न छुट्टै कक्ष (Isolation Unit) को व्यवस्थापन गर्न बर्दिया अस्पातललाई अनुरोध गर्ने ।

च) कोरोना भाईरस विरुद्ध प्रतिकार्य गर्न जिल्ला तथा पालिकामा रहेका RRT/CRRT लाई तयारी अवस्थामा रहन तथा औषधी/सामग्रीको वफर स्टक पाईलिङ्गको व्यवस्था मिलाउन स्वास्थ्य कार्यालय, बर्दिया अस्पाताल र सबै स्थानिय तहहरुलाई अनुरोध गर्ने ।

**छिमेकी देश चीन लगायत विश्वका विभिन्न देशमा नोवेल कोरोना भाइरस (COVID 19) को संक्रमण देखिएको र विश्व स्वास्थ्य संगठनका अनुसार नेपाल समेत नोवेल कोरोना भाइरसको संक्रमणको उच्च जोखिममा रहेको हुदा सो रोगवाट वच्न देहाय बमोजिम गर्न/गराउन आम सर्वसाधारणमा हार्दिक अनुरोध छ ।**

१. रुघाखोकी, ज्वरो र स्वासप्रस्वासमा समस्या देखिएमा नजिकको स्वास्थ्य सस्थामा जचाँउन जाउँ।
२. नियमित रुपमा सावुनपानीले हात धुने गरौ।
३. मेला, महोत्सव, भोजभतेरको आयोजना नगरौ ।
४. सामान्य रुघाखोकी लागेमा घरमै आराम गरौ ।
५. खोक्दा वा हाच्छ्युं गर्दा नाक र मुख छोप्ने गरौ ।
६. जंगली तथा घरेलु पशुपन्छीवाट टाढा रहौ ।
७. माछा, मासु, अन्डा जस्ता पशुजन्य खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौ ।
८. भिडभाड भएको स्थानमा आवतजावत नगरौ तथा नजाऔ ।
९. कपडाको मास्कको प्रयोग गर्दा सफा गरेर मात्र प्रयोग गरौं ।
१०. अभिवादन गर्दा हात नमिलाउँ, नमस्कारबाट सिष्टाचार आदानप्रदान गरौ ।
११. फ्लु जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कवाट टाढा रहौ ।
१२. आउदै गरेको महान चाड होली पर्व मनाउदा भिडभाड नगरौ ।

आज मिति २०७६।१२।१३ गतेका दिन जिल्ला प्रशासन कार्यालय बर्दियाका प्रमुख जिल्ला अधिकारी प्रेमलाल लामिछाने ज्यूको अध्यक्षतामा कोरोना भाइरसले शंकास्पद व्यक्ति भेटिएमा/संक्रमित भएमा उपचारको समन्वय गर्ने प्रयोजनका लागि देहायको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो।

उपस्थिति

प्र.जि.अ. श्री प्रेमलाल लामिछाने

उप.निर्देशक श्री योगेन्द्र के.सी.

प्र.ना.उ. श्री योगेन्द्र ~~खतिवडा~~ कुमार खड्का

स.प्र.ना.उ. श्री राजु शाह

मे.सु. डा. प्रभात पाण्डेय

जि.स्वा.अ. श्री गोकर्ण गिरी

स्वा.शि.अ. श्री सुनिल पाण्डे

प्र.अ. श्री गणेश विक्रम शाह

प्र.अ. श्री बालकृष्ण अधिकारी

निर्णय नं. १

सबै नगरपालिका/गाउँपालिकाले तत्काल आ-आफ्नो क्षेत्रमा अनिवार्य रुपमा कम्तिमा १० वेडको क्वारेन्टाइन स्थल निर्माण गर्ने ।

निर्णय नं. २

हाल स्थापित स्वास्थ्य सहायत कक्षमा विहान ६.०० बजे देखि बेलुका ६.०० बजेसम्म आवश्यक सामान सहित Dedicated Medical Team र सुरक्षाकर्मीको भरपर्दो Duty प्रबन्ध मिलाउने । प्रत्येक दिन विहान १०.०० बजे र बेलुका ६.०० बजे भित्र कार्य प्रगतिको Reporting गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. ३

८ वटै नगरपालिका/गाउँपालिकाले २४सै घण्टा उपलब्ध हुने गरी एम्बुलेन्स Stand by राख्ने ।

निर्णय नं. ४

हाल स्थापित कोरोना नियन्त्रण सम्वन्धी स्वास्थ्य सहायता केन्द्र वा जिल्ला भित्र अन्यत्र कहिकतै संकास्पद व्यक्तिको पहिचान भएमा देहाय बमोजिम गर्ने ।

देहायः

१. विरामीको अवस्था हेरी तुरुन्तै नजिकको स्वास्थ्य केन्द्र वा अस्पतालमा पठाउने ।
२. प्रारम्भिक परीक्षणमा कोरोना भाइरसको संक्रमणको शंका लागेमा नमूना संकलन र परीक्षणको लागि स्वास्थ्य कार्यालय बर्दियाले आवश्यक समन्वय गर्ने ।
३. स्वास्थ्य सहायता कक्ष तथा क्वारेन्टाइन स्थलको सम्पुर्ण व्यवस्थापन सम्वन्धित नगरपालिका/गाउँपालिकाले गर्ने ।
४. स्वास्थ्य सहायता कक्ष तथा क्वारेन्टाइन स्थलको स्थापना, संचालन, निरीक्षण, अनुगमन गरी आवश्यक निर्देशनका लागि सबै नगरपालिका/गाउँपालिकाका प्रमुख तथा अध्यक्षलाई अनुरोध गर्ने ।

निर्णय नं. ५

प्रकरण नं. १, २, ३ र ४ को कामको समग्र समन्वयका लागि देहाय बमोजिमको एक समन्वय समिति रहने व्यवस्था गर्ने ।

देहाय

| | |
|---|---|
| १. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बर्दिया | -संयोजक |
| २. प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बर्दिया | -सदस्य |
| ३. सशस्त्र प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी बल नेपाल, बर्दिया | -सदस्य |
| ४. मेडिकल सुपरिटेण्डेन्ट, बर्दिया अस्पताल, बर्दिया | -सदस्य |
| ५. प्रमुख प्रशासकीय अधिकृत, सम्वन्धित न.पा/गा.पा. | -सदस्य |
| ६. स्वास्थ्य शाखा प्रमुख, सम्वन्धित न.पा/गा.पा. | -सदस्य |
| ७. वरिष्ट जनस्वास्थ्य अधिकृत, स्वास्य कार्यालय, बर्दिया | -सदस्य-सचिव |

स्थायी लेखा नं. २०१२८४७७३

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गुलरिया बर्दिया

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७६/०७७
च.नं.:स्था.प्र./

गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय गुलरिया, बर्दिया

मितिः २०७६/१२/०६

## जिल्ला प्रशासन कार्यालय बर्दियाको हार्दिक अनुरोध

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित COVID-19 संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चतरीय समन्वय समितिको मिति २०७६/१२/०५ गतेको निर्णय अनुसार कोरोना भाइरसको सम्भावित संक्रमणको जोखिम नियन्त्रणका लागि देहाय बमोजिम गर्नु गराउनुहुन सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

१. सिनेमा हल, सास्कृतिक केन्द्रहरु, रंगशाला, खेल स्थल, जिम, हेल्थ क्लव, म्यूजियम, स्विमिङ्ग पुल, मरोरञ्जन स्थल, डान्सबार तथा क्लव आदिलाई ३० अप्रिल २०२० सम्म बन्द गर्ने ।

२. अत्यावश्यक कामका बाहेक आवतजावत, हिडडुल नगर्ने ।

३. सास्कृतिक, सामाजिक र त्यस्तै कार्यहरुमा पार्टीप्यालेस, मठमन्दिर, गुम्बा, मस्जिद, चर्च जस्ता धार्मिक र सार्वजनिक स्थलहरुमा २५ जना भन्दा बढी मानिसहरु भेला हुन बन्द गर्ने ।

४. सार्वजनिक सवारी साधनहरुमा सीट क्षमता भन्दा बढी यात्रु ओसारपसार नगर्ने, नगराउने । साथै सर्वसाधारण नागरिकहरुले भिड भाड गरी यात्रा नगर्ने ।

५. सार्वजनिक यातायातका सवारी धनीले चलाउनु अघि प्रत्येक दिन समय समयमा सवारी साधनलाई Disinfection गर्न लगाउने ।

६. मानिसहरुको बढी जमघट हुने सार्वजनिक महत्वका स्थलहरुमा दैनिक रुपमा निश्चित समयको अन्तरालमा सरसफाइ एवम् Disinfection गर्ने ।

७. बजारमा उपभोग्य सामग्रीहरुको कृत्रिम अभाव सृर्जना गर्ने, जम्माखोरी, कालोबजारी, मिसावट जस्ता क्रियाकलापहरु नगर्ने र नगराउने । साथै आम उपभोक्ताहरुले समेत अनावश्यक रुपमा आवश्यकता भन्दा बढी सामग्रीहरु खरिद गरी जम्मा नगर्न हुन समेत अनुरोध छ ।

८. होटेल, रेष्टुरेन्ट तथा सपिङ्ग मलका संचालकहरुले हात सफा गर्ने लगायत सफाइका सामग्रीहरुको प्रबन्ध गरी टेबल, कुर्सी, बार-रेलिङ्ग र शौचालय आदि स्थानहरुमा नियमित रुपमा Disinfection गर्ने । साथै तापक्रम मापन गर्ने उपकरण तथा सामग्रीको व्यवस्था गरी उक्त स्थानहरुमा प्रवेश गर्ने व्यक्तिहरुको स्वास्थ्य जाँच गर्ने ।

९. भ्रम सिर्जना हुने गरी कुनै पनि संचार माध्यम(सामाजिक संजाल समेत)बाट गलत अभिव्यक्ति नदिने।

१०. सार्वजनिक सेवा प्रवाह गर्ने सबै सरकारी, सार्वजनिक, सामुदायिक, निजी तथा गैरसरकारी संस्थाहरुले आफ्नो कार्यालयको भवन र परिसरको नियमित रुपमा सरसफाई गर्ने । नागरिकलाई प्रत्येक्ष सेवा प्रवाहा संलग्न हुने कर्मचारीहरुले सेवा प्रवाह गर्दा स्वास्थ्य सतर्कता अपनाउने ।

११. स्थलमार्गबाट नेपाल प्रवेश गर्ने सबै यात्रुहरुलाई Health Declaration Form अनिवार्य भर्न लगाई स्वास्थ्य जाँचको कार्यलाई थप कडाई गर्ने ।

गणेश विक्रम प्रसाद
प्रशासकीय अधिकृत

स्थायी लेखा नं. २०१२८४७७३

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गुलरिया, बर्दिया

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७६/०७७
च.नं.:स्था.प्र./

मितिः २०७६/१२/०९

## अत्यन्त जरुरी सूचना

कोरोना भाइरस (COVID-19) को संक्रमणको जोखिम नियन्त्रणको लागि अत्यावश्यक सेवा बाहेक अन्य सबै सार्वजनिक सेवा प्रवाह अर्को सूचना जारी नभएसम्मका लागि रोकिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ । सेवाग्राहीको असुविधाको लागि क्षमाप्रार्थी छौं ।

धन्यबाद ।

प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

आज मिति २०७६।१२।१० गते यस बर्दिया जिल्लामा नोबेल कोरोना भाइरस COVID-19 को संक्रमण, जोखिम नियन्त्रण उपचार तथा अत्यावश्यकिय व्यवस्थापकिय प्रबन्ध सम्बन्धमा प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछानेको अध्यक्षता र देहाय बमोजिमको उपस्थितिमा बैठक बसियो ।

उपस्थिति

श्री प्रेमलाल लामिछाने, प्रमुख जिल्ला अधिकारी
माननिय संजय कुमार गौतम
माननिय बिमला वि. क.
श्री शंकर प्रसाद थापा, जि. स. स. प्रमुख
श्री सालिकराम अधिकारी, बाँसगढि न.पा. प्रमुख
श्री दुर्गा बहादुर थारु, बारबर्दिया न.पा. प्रमुख
श्री धननारायण श्रेष्ठ, ठाकुरबाबा न.पा. प्रमुख
श्री मुक्तिनाथ यादव, गुलरिया न.पा. प्रमुख
श्री गणेश बहादुर के.सी., मधुवन न.पा. प्रमुख
श्री शिव प्रसाद थापा, राजापुर न.पा. प्रमुख
श्री लाल बहादुर श्रेष्ठ, बढैयाताल गा.पा. अध्यक्ष
श्री जमानसिंह के.सी., गेरुवा गा.पा. अध्यक्ष
श्री राजेशनाथ बास्तोला, प्रहरी उपरीक्षक, जि.प्र.का.
श्री बसन्तराज अधिकारी, प्र.प्र.अ. राजापुर न.पा.
श्री ओपेन्द्र रावत के.सी. स. प्र. जि.का.
श्री राजु शाह, सशस्त्र प्रहरी नायब उपरीक्षक बर्दिया
श्री गोकर्ण गिरी, जिल्ला स्वास्थ्य कार्यालय
श्री नारायण प्र. ढकाल, प्र. अ. जि.प्र.का.
श्री सुभाष पाण्डेय, मे.सु., बर्दिया अस्पताल
श्री श्यामु शाही, मे. भैरव प्रसाद गन सुरक्षा गुल्म
श्री रुपन डावाली, स.प्र.अ. [illegible]
श्री अमृत खड्का, प्र.प्र.अ. बढैयाताल गा.पा.
रामचन्द्र थापा उपसभापति नेपाल रेडक्रस बर्दिया
बालकृष्ण अधिकारी प्रशासकिय अधिकृत जि.प्र.का. बर्दिया
गंगाराम अधिकारी प्र.अ. जिल्ला प्रशासन कार्यालय

निर्णयः

सम्माननीय प्रधानमन्त्रीज्यूको मिति २०७६।१२।०७ गतेको संम्बोधन, नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७६।१२।०९ गतेको निर्णय, गृह मन्त्रालयको विभिन्न मितिमा प्राप्त पत्र, प्रदेश सरकार प्रदेश नं. ५ बाट विभिन्न मितिमा सम्पन्न बैठकको निर्णय, निर्देशन समेतलाई मध्येनजर गरी यस बर्दिया जिल्लामा नोबेल कोरोना भाइरस(COVID-19) को संक्रमणको जोखिम नियन्त्रण, सुरक्षा, उपचार लगायतका कार्य गर्न गराउन देहाय बमोजिमको कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

| क्र.सं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोग तथा समन्वय | समय सिमा |
|---|---|---|---|---|
| १. | मित्र राष्ट्र भारतसंगको सीमानाबाट हुने आवागमनमा भएको नियन्त्रणलाई थप प्रभावकारी बनाउने | जिल्ला सुरक्षा समिति | सिमावर्ती क्षेत्रमा नगरपालिका/गाउँपालिका | निरन्तर |
| २. | सबै नगरपालिका/गाउँपालिकामा कम्तिमा १५ वेड/सैयाको क्वारेन्टाईन स्थल निर्माण गर्ने । स्वेच्छिक रुपमा क्वारेन्टाइन स्थल तथा Isolation कक्ष निर्माणका लागि विभिन्न कलेज, विद्यालय, होटल, संघ, संस्था, सर्वसाधारण समक्ष आह्वान गर्ने | सबै नगरपालिका/गाउँपालिका | विभिन्न संघ, संस्थाहरु | तत्काले |
| ३. | बर्दिया अस्पताल र जिल्लास्थित प्राथमिक स्वास्थ्य केन्द्रहरुमा Isolation कक्ष थप गर्ने | सबै नगरपालिका/गाउँपालिका | स्वस्थ्य कार्यालय बर्दिया, बर्दिया अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रहरु | तत्काले |
| ४. | प्रदेश सरकार, प्रदेश नं. ५ समक्ष देहाय बमोजिमको व्यवस्थाको लागि अनुरोध गर्ने,<br>क. PPE,<br>ख. स्वाप Collection को लागि तालिम व्यवस्था,<br>ग. संकलित नमूना परीक्षणको लागि समन्वयको व्यवस्था | जिल्ला प्रशासन कार्यालय | स्वास्थ्य कार्यालय | तत्काले |

| क्र.सं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोग तथा समन्वय | समय सिमा |
|---|---|---|---|---|
| | घ. शंकास्पद व्यक्तिको स्वाप Collection तथा परीक्षणबाट Positive देखिएका विरामीहरुको उपचारको लागि अस्पतालको व्यवस्था<br>ङ. क्वारेन्टाइन स्थल तथा Isolation वेड व्यवस्थापनका लागि बजेटको व्यवस्था<br>च. क्वारेन्टाइन स्थल, Isolation Bed तथा कोरोना भाइरस जोखिम नियन्त्रणका लागि प्रत्येक्ष रुपमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतका लागि प्रोत्साहन व्यवस्था | | | |
| ५. | जिल्लास्थित सबै गाउँपालिका/नगरपालिकाहरुले देहाय बमोजिम गर्ने<br>क. कोरोना भाइरसको जोखिम नियन्त्रण, उपचार तथा अन्य अत्यावश्कीय व्यवस्थाका लागि तत्काल कोरोना भाइरस नियन्त्रण प्रतिकार्य योजना बनाइ कार्यान्वयन गर्ने ।<br>ख. अर्को व्यवस्था नभए सम्मका लागि क्वारेन्टाइन स्थल तथा Isolation कक्षमा राखिने व्यक्तिहरुको लागि खाने बस्ने लगायत आधारभुत सुविधाको उचित प्रबन्ध<br>ग. प्रत्येक वडामा वडाअध्यक्षको अध्यक्षतामा वडास्तरीय सचेतना अभियान सञ्चालन<br>घ. अत्यावश्यक सेवा(शान्ति सुरक्षा, बत्ती, संचार, अस्पताल, स्वास्थ्य सेवा, खाद्यान्न, खाना पकाउने ग्यास, खानेपानी, फोहोरमैला व्यवस्थापन, एम्बुलेन्स, दमकल, तरकारी, फलफूल, औषधी पसल) बाहेक अर्को सूचना नभए सम्मका | सबै नगरपालिका/गाउँपालिका | जिल्ला सुरक्षा समिति तथा PRT | तुरुन्त |

| क.सं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोग तथा समन्वय | समय सिमा |
|---|---|---|---|---|
| | लागिसम्वन्धित उद्योग वाणिज्य संघ मार्फत अन्य उद्यम, व्यवसाय, व्यापारिक फर्म, बन्द गर्ने गराउने,<br>ङ. बर्दिया जिल्ला घर भई हाल भारत लगायत अन्य देशमा रहेका सर्वसाधारणहरुलाई जो जहा छन यथावत एवम् सुरक्षित अवस्थामा रहन तथा अर्को सूचना नभएसम्म नेपाल प्रवेश नगर्नका लागि सम्वन्धित व्यक्तिका आफन्त मार्फत जानकारी गराउने ।सो को लगत सम्बन्धित वडाध्यक्ष तथा वडा सदस्यहरूले राख्ने ।<br>च. आम सर्वसाधारणलाई अत्यावश्यक परेमा बाहेक घरबाहिर ननिस्कन, हिडडुल नगर्न, भेला जम्मा नहुन, साबुन पानीले नियमित हात धुन, सुरक्षित रुपमा घरमै Home क्वारेन्टाइनमा बस्न, नआत्तिन, त्रसित नहुन तर सचेत, सजग रहिरन आह्वान गर्ने | | | |
| ६. | भारत तथा अन्य देश हूँदै हालै नेपाल प्रवेश गरेका सबै सर्वसाधारणहरुलाई अनिवार्य रुपमा Home क्वारेन्टाइनमा बस्ने, त्यस्ता व्यक्तिहरुको लगत संकलन गरी निरन्तर अनुगमन गर्ने । | वडा अध्यक्षहरु | वडा सदस्यहरु, राजनीतिक दल, संघ सस्थाहरु | तुरुन्तै |
| ७. | कोही कसैलाई कोरोना भाइरसको संक्रमणको मिल्दोजुल्दो लक्षण देखिएमा तत्काल नजिकको क्वारेन्टाइन स्थलमा लैजाने, त्यस्ता व्यक्तिका परिवारका सदस्य तथा सम्पर्कमा रहेका व्यक्तिहरुको Tracking गरी जोखिममा रहेका व्यक्तिहरुलाई क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने | PRT | जिल्ला सुरक्षा समिति | आवश्यकता अनुसार |

| क्र.सं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोग तथा समन्वय | समय सिमा |
|---|---|---|---|---|
| ८. | कुनै टोल वा बस्ती वा वडा वा नगरपालिका/ गाउँपालिका क्षेत्रमा ठूलो संख्यामा संक्रमणको लक्षण देखिएमा त्यस्तो क्षेत्रलाई पूर्ण रुपमा लक डाउन गर्ने । लक डाउन अवधिभर गर्नु पर्ने कार्यको कार्यविधि बनाउने | जिल्ला समन्वय समिति | सम्वन्धित नगरपालिका/ गाउँपालिका | आवश्यकता अनुसार |
| ९. | अत्यावश्यक बस्तु तथा सेवाको सहज आपूर्तिको व्यवस्था मिलाउने । बजार अनुगमन गर्ने । कानूनको उल्लंघन गर्ने उपर कारवाही गर्ने । | जिल्ला प्रशासन कार्यालय | सम्वन्धित नगरपालिका/ गाउँपालिका, गैसस महासंघ, सबै उद्योग वाणिज्य संघ | निरन्तर |
| १०. | सार्वजनिक, सामुदायिक तथा नीजि सेवा प्रदायक निकाय/संस्थाहरुबाट प्रदान गरिने माथि उल्लेखित अत्यावश्यक सेवा बाहेकका अन्य सबै सेवाहरु यही चैत्र २१ गतेसम्म पूर्ण रुपले बन्द गर्ने । | जिल्ला सुरक्षा समिति | सम्वन्धित नगरपालिका/ गाउँपालिका, गैसस महासंघ, सबै उद्योग वाणिज्य संघ | निरन्तर |
| ११. | कोरोना भाइरसको संक्रमणको जोखिम न्यूनिकरण तथा नियन्त्रणका लागि स्थानीय एफ एम रेडियो लगायतका संचार माध्यम मार्फत व्यापक रुपमा प्रचार प्रसारका लागि अनुरोध गर्ने । कोरोना भाइरसको संक्रमण सम्वन्धमा कुनै पनि गलत सूचना संप्रेषण तथा अफवाह नफैलाउन सर्बसाधारणलाई अनुरोध गर्ने । यस प्रकारको गरेको पाइएमा कानून बमोजिम कारवाही गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै नगरपालिका, गाउँपालिका, सबै संचार माध्यमहरु, | निरन्तर |
| १२. | समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत कोरोना संक्रमण जोखिम नियन्त्रणका लागि थप प्रचार प्रसार गर्ने | जिल्ला प्रहरी कार्यालय | सबै नगरपालिका, गाउँपालिका, | निरन्तर |
| १३. | संक्रमणको संकास्पद व्यक्ति वा विरामी देखिएमा क्वारेन्टाइन स्थल वा Isolation स्थलमा पुर्याउन तथा आवश्यक सुरक्षा | स्वास्थ्य कार्यालय | जिल्ला प्रशासन कार्यालय, सबै नगरपालिका, गाउँपालिका, | तत्काल |

| क्र.सं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोग तथा समन्वय | समय सिमा |
|---|---|---|---|---|
| | प्रबन्धमा लागि देहाय बमोजिम PRT गठन गरी व्यवस्थापन गर्ने ।<br>क. प्रमुख, स्वास्थ्य कार्यालय बर्दिया संयोजक<br>ख. स्वास्थ्य शाखा प्रमुख, सम्बन्धित न.पा/गा.पा. सदस्य<br>ग. प्रमुख, सम्वन्धित इलाका प्रहरी कार्यालय सदस्य<br>घ. प्रमुख, सम्वन्धित युनिट इन्चार्ज, सशस्त्र प्रहरी बल नेपाल सदस्य | | जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल | |
| १४. | कोरोना भाइरसबाट प्रभावित वा संकास्पद व्यक्ति देखिएमा PRT लाई सम्पर्क गर्ने । | वडा अध्यक्ष, | PRT | निरन्तर |
| १५. | समग्र कामको अनुगमन मुल्याङ्कन तथा थप व्यवस्थाका लागि कोरोना भाइरस संक्रमण जोखिम नियन्त्रणका लागि देहाय बमोजिम समन्वय समिति गठन गर्ने ।<br>क. संयोजकः प्रमुख जिल्ला अधिकारी<br>ख. सदस्यः जिल्ला सुरक्षा समितिका सदस्यहरु<br>ग. सदस्यः जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति<br>घ. सदस्यः सबै नगरपालिका/गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत<br>ङ. सदस्यः सबै नगरपालिका/गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख<br>च. सदस्यः मे.सु., बर्दिया अस्पताल<br>छ. सदस्य सचिवः वरिष्ठ जनस्वास्थ्य प्रमुख, स्वास्थ्य कार्यालय बर्दिया | जिल्ला प्रशासन कार्यालय | जिल्ला सुरक्षा समिति, सबै नगरपालिका, गाउँपालिका, बर्दिया अस्पताल, स्वास्थ्य कार्यालय | निरन्तर |

| क्र.सं. | कार्यविवरण | जिम्मेवार निकाय | सहयोग तथा समन्वय | समय सिमा |
|---|---|---|---|---|
| १६. | प्रतिवेदन व्यवस्था | जिल्ला प्रशासन कार्यालय | जिल्ला सुरक्षा समिति, सबै नगरपालिका, गाउँपालिका, बर्दिया अस्पताल, स्वास्थ्य कार्यालय, PRT | निरन्तर |

स्थायी लेखा नं. २०१२८४७७३

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गुलरिया, बर्दिया

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७६/०७७

च.नं.:स्था.प्र./

मितिः २०७६/१२/१०

## निषेधाज्ञा सम्वन्धी अत्यन्त जरूरी सूचना

हाल विश्वव्यापीरूपमा फैलिरहेको नोवेल कोरोना भाईरस (COVID-19) को संक्रमणको कारण नेपाल उच्च जोखिममा रहेको छ । यस बर्दिया जिल्लासंग सिमाना जोडिएको मित्रराष्ट्र भारतको उत्तरप्रदेश लगायतका अन्य प्रान्तहरूमा नोवेल कोरोना भाईरस (COVID-19) बाट संक्रमित हुनेहरूको संख्या दिन प्रतिदिन बढ्दै गएको र नेपालमा समेत यस भाइरसको संक्रमण पुष्टि भएको हूँदा यस बर्दिया जिल्लामा समेत उक्त भाइरसको संक्रमणको सम्भावित जोखिम झनै बढ्दै गइरहेको हुँदा कोरोना भाइरस(COVID-19)को सम्भावित संक्रमणको जोखिम नियन्त्रण तथा रोकथामका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम मिति २०७६।१२।११ गते विहान ६ बजे देखि मिति २०७६।१२।१८ गते विहान ६ बजेसम्म निम्नानुसारको निषेधाज्ञा जारी गरिएकोले सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

क. माथि उल्लेखित अवधिभर औषधी उपचार, खाद्यबस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्तिहरु घरबाहिर ननिस्कने ।

ख. शान्ति सुरक्षा तथा सु-व्यवस्था, स्वास्थ्य, खाद्यबस्तु, खानेपानी, दुध, विद्युत, दमकल, सूचना तथा सञ्चार, भन्सार, क्वारेन्टाइन, फोहोरमैला व्यवस्थापन, इन्धन, एम्बुलेन्स, औषधी, तरकारी तथा फलफूल जस्ता अति आवश्यक सेवा बाहेक अन्य सम्पूर्ण पसल, व्यवसाय, सेवा संचालन बन्द गर्ने।

ग. अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका सार्वजनिक तथा निजी यात्रुबाहक सवारी साधन सञ्चालन नगर्ने ।

घ. छिमेकी मित्र राष्ट्र भारतसंग सिमाना जोडिएका सीमा नाकाहरुमा आवतजावत पूर्ण रुपमा नियन्त्रण गर्ने।

ङ. अत्यावश्यक उपभोग्य बस्तुहरुको अभाव देखाई मुल्य वृद्धि गर्ने र कालाबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम नियन्त्रणमा लिई कानून बमोजिम कारबाही हुने ।

च. माथि उल्लेखित निर्णयको अवज्ञा वा अवहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिलाई कानून बमोजिम कारवाही गर्ने ।

२०७६।१२।१०

प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

स्थायी लेखा नं. २०१२८४७७३

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७६/०७७
च.नं.:स्था.प्र./

मितिः २०७६/१२/२५

# निषेधाज्ञा सम्वन्धी अत्यन्त जरूरी सूचना

नोवेल कोरोना भाईरस (COVID-19) बाट संक्रमित हुनेहरूको संख्या दिन प्रतिदिन बढ्दै गएको र नेपालमा समेत छिमेकी जिल्ला कैलाली लगायत विभिन्न स्थानमा यस भाइरसको संक्रमण पुष्टि भएको हूँदा यस बर्दिया जिल्लामा समेत उक्त भाइरसको संक्रमणको जोखिम झनै बढ्दै गइरहेको अवस्था तथा नेपाल सरकार(मन्त्रिपरिषद) को मिति २०७६/१२/२४ गतेको निर्णय समेतलाई मध्येनजर गरी कोरोना भाइरस(COVID-19)को सम्भावित संक्रमणको जोखिम नियन्त्रण तथा रोकथामको लागि संक्रामक रोग ऐन, २०२० को दफा २ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम मिति २०७६।१२।११ गते विहान ६ बजे देखि मिति २०७६।१२।२५ गते राति १२ बजेसम्म जारी निषेधाज्ञा मिति २०७७/०१/०३ गते बुधबार मध्येरातसम्म कायम हुने गरी पुनः जारी गरिएको छ । थप भएको उक्त निषेधाज्ञा अवधिभर निम्नानुसार गर्नहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. माथि उल्लेखित अवधिभर औषधी उपचार, खाद्यबस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्तिहरु घरबाहिर ननिस्कने ।
२. शान्ति सुरक्षा तथा सु-व्यवस्था, स्वास्थ्य, खाद्यबस्तु, खानेपानी, दुध, विद्युत, दमकल, सूचना तथा सञ्चार, भन्सार, क्वारेन्टाइन, फोहोरमैला व्यवस्थापन, इन्धन, एम्बुलेन्स, औषधी, तरकारी तथा फलफूल जस्ता अति आवश्यक सेवा बाहेक अन्य सम्पूर्ण पसल, व्यवसाय, सेवा संचालन बन्द गर्ने।
३. अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका सार्वजनिक तथा निजी यात्रुबाहक सवारी साधन सञ्चालन नगर्ने ।
४. छिमेकी मित्र राष्ट्र भारतसंग सिमाना जोडिएका सीमा नाकाहरु तथा कैलाली जिल्ला तर्फबाट हुने आवतजावत पूर्ण रुपमा नियन्त्रण गर्ने।
५. घरभाडामा बस्ने कुनै पनि व्यक्ति वा परिवारलाई सो अवधिभर भाडामा बसेको घरबाट निकाल्न नपाइने।
६. अत्यावश्यक उपभोग्य बस्तुहरुको अभाव देखाई मुल्य वृद्धि गर्ने र कालाबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम नियन्त्रणमा लिई कानून बमोजिम कारबाही हुने ।
७. माथि उल्लेखित निर्णयको अवज्ञा वा अवहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिलाई कानून बमोजिम कारवाही हुने ।

प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

स्थायी लेखा नं. २०१२८४७७३

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७६/०७७
च.नं.:स्था.प्र./

मिति: २०७६/१२/१६

## जिल्ला प्रशासन कार्यालय बर्दियाको सूचना ।

नोबेल कोरोरा भाइरस (COVID-19) संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि नेपालभर निषेधाज्ञा जारी भएको कारण यस जिल्लाका विभिन्न स्थानमा अलपत्र परेका तथा घर फर्कन इच्छुक कामदारहरुको हकमा निम्न बमोजिमको विवरण सहित जिल्ला प्रशासन कार्यालय बर्दियामा सम्पर्क गर्न सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निम्न

१. काम बन्द भएको पत्र ।

२. कामदारको नाम, ठेगाना सहितको विवरण ।

३. सवारी साधन Contractor/Company सम्वन्धित व्यक्तिले मिलाउनु पर्ने ।

४. गन्तव्य जिल्ला तथा नगरपालिका/गाउँपालिकाको नाम, वडा नं. ।

५. बीच बाटोमा सवारी साधन रोक्न नहुने र अन्य यात्रु चढाउन नपाइने ।

६. सवारी साधन फर्कदा कुनै पनि यात्रु नचढाएको कुराको सुनिश्चितता गर्ने ।

23.0

प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

स्थायी लेखा नं. २०१२८४७७३

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गुलरिया बर्दिया

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७६/०७७

च.नं.:स्था.प्र./

मितिः २०७६/१२/१८

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

## निषेधाज्ञा सम्वन्धी अत्यन्त जरूरी सूचना

नोवेल कोरोना भाईरस (COVID-19) बाट संक्रमित हुनेहरूको संख्या दिन प्रतिदिन बढ्दै गएको र नेपालमा समेत यस भाइरसको संक्रमण पुष्टि भएको हूँदा यस बर्दिया जिल्लामा समेत उक्त भाइरसको संक्रमणको जोखिम झनै बढ्दै गइरहेको अवस्थालाई मध्येनजर गरी कोरोना भाइरस(COVID-19)को सम्भावित संक्रमणको जोखिम नियन्त्रण तथा रोकथामको लागि संक्रामक रोग ऐन, २०२० को दफा २ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम मिति २०७६।१२।११ गते विहान ६ बजे देखि मिति २०७६।१२।१८ गते विहान ६ बजेसम्म जारी निषेधाज्ञा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१२/१६ गतेको निर्णय अनुसार मिति २०७६/१२/२५ गते राति १२ बजेसम्म कायम हुने गरी निषेधाज्ञा जारी गरिएको छ । थप भएको उक्त निषेधाज्ञा अवधिभर निम्नानुसार गर्नहुन सम्वन्धित सबैको जानकारीका लागि पुनः यो सूचना प्रकाशित गरिएको छ ।

१. माथि उल्लेखित अवधिभर औषधी उपचार, खाद्यबस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्तिहरु घरबाहिर ननिस्कने ।
२. शान्ति सुरक्षा तथा सु-व्यवस्था, स्वास्थ्य, खाद्यबस्तु, खानेपानी, दुध, विद्युत, दमकल, सूचना तथा सञ्चार, भन्सार, क्वारेन्टाइन, फोहोरमैला व्यवस्थापन, इन्धन, एम्बुलेन्स, औषधी, तरकारी तथा फलफूल जस्ता अति आवश्यक सेवा बाहेक अन्य सम्पूर्ण पसल, व्यवसाय, सेवा संचालन बन्द गर्ने।
३. अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका सार्वजनिक तथा निजी यात्रुबाहक सवारी साधन सञ्चालन नगर्ने ।
४. छिमेकी मित्र राष्ट्र भारतसंग सिमाना जोडिएका सीमा नाकाहरुमा आवतजावत पूर्ण रुपमा नियन्त्रण गर्ने।
५. घरभाडामा बस्ने कुनै पनि व्यक्ति वा परिवारलाई सो अवधिभर भाडामा बसेको घरबाट निकाल्न नपाइने।
६. अत्यावश्यक उपभोग्य बस्तुहरुको अभाव देखाई मुल्य वृद्धि गर्ने र कालाबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम नियन्त्रणमा लिई कानून बमोजिम कारबाही हुने ।
७. माथि उल्लेखित निर्णयको अवज्ञा वा अवहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिलाई कानून बमोजिम कारवाही गर्ने ।

२०७६।१२।१८

प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

स्थायी लेखा नं. ३०१२८४७७३


नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गुलरिया, बर्दिया

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com


प.सं.:०७६/०७७
च.नं.:स्था.प्र./

मिति: २०७६/१२/१८

## जिल्ला प्रशासन कार्यालय बर्दियाको हार्दिक अनुरोध

नोवेल कोरोना भाईरस (COVID-19) बाट संक्रमित हुनेहरूको संख्या दिन प्रतिदिन बढ्दै गएको, छिमेकी जिल्ला कैलाली तथा भारतको सीमावर्ती क्षेत्रमा समेत उक्त भाइरसको संक्रमणको पुष्टि भएको हूँदा यस बर्दिया जिल्लामा जोखिम झनै बढ्दै गइरहेको छ। यस जिल्लामा कोरोना भाइरस(COVID-19)को संक्रमणको जोखिम नियन्त्रण तथा रोकथामका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम मिति २०७६।१२।११ गते विहान ६ बजे देखि लागुहुने गरी जारी भएको निषेधाज्ञाको म्याद मिति २०७६।१२।२५ गते राति १२ बजेसम्मको लागि कायम हुनेगरी निरन्तरता दिइएको छ । उक्त अवधिभर निम्नानुसार गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. औषधी उपचार, खाद्यबस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्तिहरु घरबाहिर ननिस्कौं।

२. शान्ति सुरक्षा तथा सु-व्यवस्था, स्वास्थ्य, खाद्यबस्तु, खानेपानी, दुध, विद्युत, दमकल, सूचना तथा सञ्चार, भन्सार, क्वारेन्टाइन, फोहोरमैला व्यवस्थापन, इन्धन, एम्बुलेन्स, औषधी, तरकारी तथा फलफूल जस्ता अति आवश्यक सेवा बाहेक अन्य सम्पूर्ण पसल, व्यवसाय, सेवा संचालन बन्द गरौं।

३. अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका सार्वजनिक तथा निजी यात्रुबाहक सवारी साधन सञ्चालन नगरौं ।

४. छिमेकी मित्र राष्ट्र भारतसंग सिमाना जोडिएका सीमा नाकाहरुमा आवतजावत पूर्ण रुपमा नियन्त्रण गरिएको।

५. बजारमा उपभोग्य सामग्रीहरुको कृत्रिम अभाव सृर्जना गर्ने, जम्माखोरी, कालोबजारी, मिसावट जस्ता क्रियाकलापहरु नगर्ने र नगराउने । यस्तो कार्य गरेको पाइएमा नियन्त्रणमा लिई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ । साथै आम उपभोक्ताहरुले समेत अनावश्यक रुपमा आवश्यकता भन्दा बढी सामग्रीहरु खरिद गरी जम्मा नगर्ने ।

६. सास्कृतिक, सामाजिक र त्यस्तै कार्यहरुमा पार्टीप्यालेस, मठमन्दिर, गुम्बा, मस्जिद, चर्च जस्ता धार्मिक र सार्वजनिक स्थलहरुमा मानिसहरु भेला नहुने ।

७. स्थलमार्गबाट नेपाल प्रवेश गर्ने सबै यात्रुहरुलाई Health Declaration Form अनिवार्य भर्न लगाई स्वास्थ्य जाँचको कार्यलाई थप कडाई गरी क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाइएको ।

प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

स्थायी लेखा नं. २०१२८४७७३

visit Nepal 2020 Lifetime Experiences

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

८. अत्यावश्यक उपभोग्य सामान खरिद गर्न जादा आउदा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं । खरिद गर्दा एक अर्को व्यक्तिसंग कम्तिमा एक मीटरको दुरी कायम गरौं ।

९. घरको घण्टीको स्वीच ,ढोकाको चुक्कुल/हेण्डिल ,तालाचाबी ,गाडीको हेण्डिल सेनिटाइजरले नियमित रुपमा सफा गरौं ।

१०. नियमित रुपमा तातो पानी पिउँने गरौं ।

११. घर परिवारका सदस्य ,पाहुना वा नयाँ व्यक्ति आउदा अनिवार्य साबुन पानीले हात धोएर मात्र प्रबेश गर्न दिनुहोस । कम्तिमा १४ दिन घर भित्र छुट्टै एकान्तबास (Self Quarantine) बस्ने व्यवस्था मिलाऔं ।

१२. घरमा कोही व्यक्ति विदेशबाट आएको छ भने कसैलाई पनि नछोई क्वारेन्टाइनमा जान अनुरोध गरौं वा नजिकको सुरक्षाकर्मी ,नगरपालिका/गाउँपालिकामा सम्पर्क गरौं ।

१३. कोरोना भाइरस नियन्त्रण सम्वन्धमा एफ.एम .रेडियो ,माइकिङ् ,पर्चा पम्पलेटबाट भइरहेको प्रचारप्रसार अनुरुप आफूले पनि पालना गरौं। अरुलाई पनि पालना गराउन सहयोग गरौं ।

१४. घर भाडामा बस्ने कुनै पनि व्यक्ति वा परिवारलाई सो अवधिभर घरबाट निकाल्न पाइने छैन ।

१५. भ्रम सिर्जना हुने गरी कुनै पनि संचार माध्यम(सामाजिक संजाल समेत)बाट गलत अभिव्यक्ति नदिने।

१६. मिति २०७६/१२/१७ गते यस कार्यालयबाट जारी गरिएको निषेधाज्ञाको पूर्ण पालना गरौं । निषेधाज्ञाको कार्यान्वयनका लागि खटिएका सुरक्षाकर्मीको अनुरोधलाई पालना गरौं ।

१७. देहायका सवारी साधन तथा व्यक्तिहरुलाई आवागमन गर्दा अनुमति पत्र आवश्यक नपर्ने ।

क. एम्बुलेन्स, शवबाहन, दमकल ।

ख. झण्डावाल सवारी ।

ग. कुटनीतिक उन्मुक्ति तथा सुविधा प्राप्त नियोग, व्यक्ति तथा संघ/संस्थाहरु

घ. प्रेस काउन्सिलबाट जारी भएको प्रेस प्रास प्राप्त सञ्चारकर्मीहरु ।

ङ. स्वास्थ्य सेवामा खटिएका चिकित्सक, नर्स, फार्मासिस्ट, प्रयोगशालामा कार्यरत प्राविधिक, अस्पतालमा कार्यरत अन्य कर्मचारीहरु, औषधी उत्पादन ढुवानी र विक्रिवितरणमा संलग्न हुने जनशक्तिहरु

च. खानेपानीको मर्मत सम्भार र वितरणमा संलग्न जनशक्ति

छ. फोहोरमैला व्यवस्थापनमा परिचालित जनशक्ति ।

ज. ठूला खाद्य स्टोरमा कार्यरत जनशक्ति ।

झ. अत्यावश्यक बस्तु तथा सेवा ढुवानी गर्ने मालबाहक सवारी साधनहरु

माथि उल्लेखित सवारी साधन प्रयोगकर्ताहरुसंग अनिवार्य रुपमा सम्वन्धित निकायबाट जारी गरिएको कर्मचारी परिचयपत्र साथमा हुनुपर्नेछ ।

१८. माथि उल्लेखित निर्णयको अवज्ञा वा अवहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिलाई कानून बमोजिम कारवाही गरिनेछ ।

प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

आज मिति २०७७।१।१७ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछानेको अध्यक्षतामा COVID-19 Crisis management center जिल्लास्तरीय संरचनाको बैठक निम्नानुसारको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो।

उपस्थिति

प्र.जि.अ. श्री प्रेमलाल लामिछाने, जिल्ला प्रशासन कार्यालय
जि.स.स. प्रमुख श्री शंकर थापा, जिल्ला समन्वय समिति
नगर प्रमुख श्री मुक्तिनाथ यादव, गुलरिया नगरपालिका
,, श्री गणेश बहादुर के.सी., मधुवन नपा
,, श्री दुर्गा बहादुर थापा, बारबर्दिया ,,
,, श्री धन नारायण श्रेष्ठ, ठाकुरबाबा ,,
,, श्री शिवकुमार थापा, राजापुर ,,
,, श्री शालिकराम अधिकारी, बाँसगढी ,,
अध्यक्ष श्री लाल बहादुर श्रेष्ठ, बढैयाताल गापा
उपाध्यक्ष श्री हिमा कुमारी थापा, गेरुवा गापा
प्र.उ. श्री राजेशनाथ बास्तोला, जि.प्र.का. बर्दिया
स.प्र.उ. श्री यादव विश्वकर्मा, सशस्त्र प्रहरी बल गण
उपसेनानी श्री योगानन्द के.सी., रा.अ.जि.का. बर्दिया
सेनानी श्री हमानु शाही, श्री भैरवप्रसाद गुल्म
जन.स्वा.अ. श्री गोकर्ण गिरी, स्वास्थ्य कार्यालय बर्दिया
नि.जि.नि.अ. श्री कृष्ण बहादुर रोकाया, जिल्ला नि. समिति
प्रशासकीय अ. श्री गणेश विक्रम शाह, जि.प्र.का. बर्दिया
,, श्री बालकृष्ण अधिकारी, —,,—
,, श्री नारायण प्रसाद ढकाल, —,,—
सू.अ.क. श्री दपन सावली, जिल्ला प्रशासन कार्यालय

निर्णय

१. यस वर्दिया जिल्लामा नोवेल कोरोना भाईरस (COVID-19) को संक्रमणको जोखिम नियन्त्रण तथा रोकथाम गर्ने सम्बन्धमा भईरहेका प्रयासहरूको बारेमा समिक्षा भयो ।

२. नोवल कोरोना भाईरस (COVID-19) को संक्रमणको जोखिम नियन्त्रण, रोकथाम तथा उपचारका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारबाट थप कुनै निर्णय भएमा सोही बमोजिम हुने गरी हाल देहाय बमोजिम गर्ने :

क. यस जिल्लाका सर्वसाधारण नागरिकहरू विभिन्न पेशा व्यवसाय तथा मजदुरी गर्ने सिलसिलामा विभिन्न जिल्लामा रहेका छन । नोवल कोरोना भाईरस (COVID-19) को संक्रमणको जोखिम नियन्त्रण तथा रोकथामका लागि घोषित लकडाउनका कारण प्रभावित भई जिल्ला फर्कने क्रम जारी रहेको छ । यसरी अन्य जिल्लाबाट यस जिल्लामा प्रवेश गर्दा ज्वरोको परिक्षण गरी होम क्वारेन्टाईनमा बस्ने गरी व्यवस्थापन गरिएको छ । हालै कैलाली तथा पर्सा जिल्लामा संक्रमित व्यक्ति भेटिएको तथा यस जिल्लासंग सिमाना जोडिएको भारतको उत्तर प्रदेश प्रान्तको विभिन्न स्थानमा समेत संक्रमितहरूको संख्या बढ्दै गएको हुदा संक्रमणको उच्च जोखिमलाई मध्यनजर गरी अन्य जिल्लाबाट यस जिल्लामा आंउने क्रम रोक्ने ।

ख. लुकिछिपी जिल्ला प्रवेश गरेमा तत्काल नियन्त्रणमा लिई सम्बन्धित नगरपालिका/ गाउँपालिकाले अनिवार्य रूपमा स्वास्थ्य परिक्षण गराई क्वारेन्टाईन सेन्टरमा राख्ने व्यवस्था मिलाउने ।

ग. अन्य जिल्लामा रहेका यस जिल्लाका नागरिकलाई हाल जे जस्तो अवस्थामा जहाँ छन त्यहि सुरक्षित रूपमा बस्न अनुरोध गर्ने। खान/बस्न कठिनाइ भएमा खाने बस्ने व्यवस्थाका लागि सम्बन्धित कम्पनी/व्यवसायी/ठेकेदारसंग समन्वय गर्ने । आवश्यक सहयोगका लागि सम्बन्धित जिल्लाका प्रजिअ तथा सुरक्षा निकाय समक्ष अनुरोध गर्ने ।

घ. कैलाली कञ्चनपुर तथा संक्रमण देखिएका जिल्लाबाट यस जिल्लामा मानिसहरूको आगमनमा रोक लगाउने ।

ङ. भारतसंगको सिमानामा आवागमनमा भईरहेको नियन्त्रणलाई थप कडाई गर्ने । आवागमन हुन/गर्न नदिने कार्यमा सम्वन्धित नगरपालिका/गाउँपालिकाबाट सुरक्षा निकायलाई आवश्यक सहयोग तथा समन्वयका लागि प्रत्येक वडामा वडास्तरीय निगरानी समूह गठन गर्ने, सिमामा वत्ती, खानेपानीको व्यवस्था गर्ने, संकाष्पद व्यक्ति फेला परेमा सुरक्षा निकायसंग समन्वय गरी तत्काल क्वारेन्टाईन सेन्टरमा राख्ने व्यवस्था मिलाउने ।

आज मिति २०७७ साल वैशाख २६ गते प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछानेको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा COVID-19 जिल्ला संकट व्यवस्थापन केन्द्र (DCMC) को बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

उपस्थिति

प्र.जि.अ. श्री प्रेमलाल लामिछाने, जिल्ला प्रशासन कार्यालय
प्र.उ. श्री केदार रजौरे, जिल्ला प्रहरी कार्यालय
स.प्र.उ. श्री यादव विश्वकर्मा, सशस्त्र प्र.बल गण ३१
प्र.अनु.नि. श्री योगेन्द्र के.सी., रा.अ.वि. को बर्दिया
सेनानी श्री श्याम शाही, भैरव प्रसाद गण गुरुबाबा गुल्म
मे.सु. श्री डा. प्रमोद पाण्डेय, बर्दिया अस्पताल
जि.ज.अ. श्री गोकर्ण गिरी, स्वास्थ्य कार्यालय बर्दिया
नि.जि.शि.अ. श्री कृष्ण बहादुर खड्का, जि.शि.का. बर्दिया
प्र.अ. श्री गणेश विक्रम शाह, जिल्ला प्र. कार्यालय

सल्लाहकार समूह

प्रमुख श्री शंकर प्रसाद थारु, जिल्ला सम.का. समिति

आमन्त्रित

माननीय श्री संजय गौतम, प्रतिनिधिसभा सदस्य
माननीय श्री संत कुमार थारु, प्रतिनिधिसभा सदस्य
~~पार्टी प्रतिनिधि~~ श्री कमल राज पुरी, पार्टी प्रतिनिधि, नेकपा
श्री मिश्रीलाल यादव, पार्टी प्रतिनिधि, नेका
श्री कृष्ण ~~कुमार~~ यादव, " - समाजवादी
श्री केशव ~~कुमार~~ यादव " - रा.ज.पा.
प्रमुख श्री शालिकराम अधिकारी, बाँसगढी नगरपालिका
" श्री दुर्गा बहादुर थारु, बारबर्दिया नपा
" श्री मुक्तिनाथ यादव, गुलरिया नपा
" श्री गणेश बहादुर के.सी., मधुवन नपा
" श्री शिव प्रसाद थारु, राजापुर नपा
~~उपप्रमुख श्री लाल बहादुर~~
" श्री धन नारायण श्रेष्ठ, ठाकुरबाबा नपा

अध्यक्ष श्री लाल बहादुर शेठ, बढैयाताल गाउँपालिका
उपाध्यक्ष श्री हिमा चौधरी, गेरुवा गाउँपालिका
कार्यालय प्रमुख सुनिल दत्त इलाका प्रशासन कार्यालय राजापुर
प्र.अ. बालकृष्ण अधिकारी जिल्ला प्रशासन कार्यालय, बर्दिया
प्र.सं. नारायण प्रसाद निरौला ,, ,, ,,
सु.व्य.अ. रमन ज्ञवाली DEOC बर्दिया
श्री गोमा बस्नेत, के.दि. प्र.पा. पार्टी प्रतिनिधि
श्री गंगाराम अधिकारी जि. प्रशा. का.
श्री शोभाराम थारु जि. प्र. का.

. विश्वव्यापी महामारीको रूपमा फैलिरहेको COVID-19 को संक्रमण यस जिल्लामा समेत फैलिन सक्ने उच्च जोखिम रहेकोले उक्त जोखिमको नियन्त्रण तथा रोकथाम गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०१।२४ गतेको बैठकको निर्णय समेतलाई मध्यनजर गरी देहाय बमोजिम गर्ने

अ. नेपालगञ्जमा COVID-19 को संक्रमण देखिएकोले नेपालगञ्ज गुलरिया सडकबाट शान्ति सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सवारी साधन बाहेक अन्य सवारी साधनहरूको आवागमन वन्द गर्ने । तर, बेलुकी ७:०० बजे पछि औषधी, खाद्यान्न, पेट्रोलियम पदार्थ र खाना पकाउने ग्यासको ढुवानी गर्न दिने र अन्यको हकमा कोहलपुर-बाँसगढी सडक खण्ड प्रयोग गर्न दिने ।

आ. संक्रमणको जोखिमलाई मध्येनजर गरी बाँके जिल्लाबाट आउने हरियो तरकारी तथा फलफूल रोकावटलाई निरन्तरता दिने ।

इ. नेपालगञ्जमा COVID-19 को संक्रमणको कारण उक्त क्षेत्रमा निषेधाज्ञा जारी भएकोले यस जिल्लाका विरामीहरूको लागि औषधि खरिद गर्न समेत असहज हुने देखिएकोले कडारोग तथा दिर्घरोग लागेका विरामीहरूको औषधि आपूर्तिका लागि सम्बन्धित नगरपालिका/ गाउँपालिकाले बैकल्पिक व्यवस्था गरी सहजीकरण गरिदिने ।

ई. विकास आयोजना सञ्चालनको हकमा उच्चस्तरीय समन्वय समितिको १६ औ बैठकको निर्णयमा उल्लिखित शर्तहरू पुरा गरी/गराई स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी/ गराई सामाजिक दुरी कायम गरी/गराई नगरपालिका/गाउँपालिकास्तरीय योजनाहरूको हकमा योजनाको प्राथमिकिकरण गरी नगरपालिका/गाउपालिकाले नै सञ्चालनको अनुमति तथा अनुगमन गर्ने । राष्ट्रिय गौरवको आयोजना, संघीय तथा प्रादेशिक आयोजनाहरू सञ्चालनमा जिल्ला प्रशासन कार्यालयले आवश्यक समन्वय तथा सहजिकरण गर्ने ।

उ. आयोजनाहरूले आवश्यक पर्ने कामदारहरू उपलव्ध भए सम्म स्थानीय व्यक्तिहरूलाई परिचालन गर्ने ।

ऊ. विकास निर्माणसंग सम्बन्धित निर्माण सामग्रीहरूको ढुवानी व्यवस्थाका लागि सम्बन्धित आयोजना/निकायको सिफारिसमा जिल्ला प्रशासन कार्यालयले समन्वय तथा सहजिकरण गर्ने ।

स जिल्लामा संक्रमणको जोखिम तथा अत्यावश्यक सेवा आवश्यकताको मुल्यांकन गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी/गराई सामाजिक दुरी कायम गरी/गराई देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न पाउने व्यवस्था गर्ने :

कृषि तथा पशुपन्छीजन्य सम्वन्धीः

१. खाद्यबस्तु र नयाँ बाली लगाउने तथा पाकेको बाली भित्र्याउने कार्य
२. पशुपन्छी पालन, माछा पालन तथा विक्री वितरण (फ्रेस हाउस बाहेक)

३. बर्दिया जिल्लामा उत्पादित दुध र तरकारीको हकमा तोकिएको समयमा संकलन, ढुवानी तथा वितरण।

४. अन्य जिल्लाबाट सामग्री खाद्यान्न, अन्य उपभोग्य सामग्री, कुखुरा/अण्डा, दाना बेलुकी ७ बजे पछि ढुवानी व्यवस्था

५. कृषि मल बिउविजन कृषि औजार ढुवानी तथा बिक्री वितरण

६. शीतभण्डार संचालन

**. स्वास्थ्य सेवा सम्वन्धी**

१. सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरु, अस्पताल, पोलिक्लिनिक, ल्याबहरुको सञ्चालन ।

२. स्वास्थ्य सुरक्षा तथा सामाजिक दुरी कायम गरी सबै प्रकारका खोप सेवाहरुको सञ्चालन।

३. औषधी तथा स्वास्थ्य सामग्री विक्रि वितरण

४. क्वारेण्टीन संचालन तथा व्यवस्थापनका लागि आवश्यक सामग्री ढुवानी तथा वितरण

५. औषधी पसलहरु(आयुर्वेद, होमियोप्याथिकसमेत) को सञ्चालन

६. एग्रोभेट र भेटेरिनरी औषधी पसलहरुको सञ्चालन र तत् सम्वन्धी सेवा

**. ढुवानी सेवा सम्वन्धी:**

ढुवानी सेवाका साधनहरुलाई निसंक्रमित(Disinfected) गरी निसंक्रमण गर्ने निकायले जारी गरेको निस्सा साथमा राखी चालक तथा परिचालकको स्वास्थ्य जाँच सम्वन्धी भन्सार बिन्दु वा उद्योग प्रतिष्ठानहरुमा गर्ने व्यवस्था मिलाई देहायका ढुवानी साधनहरु गन्तव्य स्थलसम्म बेलुकी ७:०० बजे पछि आवतजावत गर्न दिने;

१. प्रकरण २ को खण्ड (क) र (ख) मा उल्लिखित सबै प्रकारका बस्तु तथा सेवामा प्रयोग हुने ढुवानीका साधनहरु

२. भन्सारबाट जाँचपास भई आएका, उद्योग प्रतिष्ठानबाट लोडलिई मालसामान बोकेका र मालसामान गन्तव्यमा पुर्याई फर्किने ढुवानीका खाली साधनहरु

३. पानी, ग्याँस, पेट्रोलियम पदार्थ बोकेका ढुवानीका साधनहरु ।

४. औद्योगिक कच्चा पदार्थहरु र बर्दिया जिल्लामा उत्पादित तरकारी मालबस्तु बोकेका ढुवानीका साधनहरु

५. विकास आयोजनामा प्रयोग हुने उपकरणहरु लाने/ल्याउने कार्य र निर्माण सामग्रीहरु बोकेका ढुवानीका साधनहरु

६. कृषि सामग्री, रासायनिक एवम् प्राङ्गारिक मल बोकेका ढुवानीका साधनहरु

७. एम्बुलेन्स सेवा ।

. विकास आयोजना सम्वन्धी

१. बबई सिंचाई आयोजना,

२. विपद जोखिम न्यूनिकरण गर्न सघाउने अन्य आयोजनाहरु

३. तत्काल निर्माण कार्य नगर्दा आर्थिक तथा भौतिक क्षति हुने आयोजनाहरु

४. कामदार कम मेसिनरी उपकरण बढी प्रयोग हुने आयोजनाहरु

५. उच्चस्तरीय समन्वय समितिको १६औ बैठकको निर्णयबाट निर्धारित मापदण्ड पुरा गरेका तथा स्वास्थ्य सुरक्षा र सामाजिक दुरी कायम गरी संचालन गर्न सकिने अन्य विकास आयोजनाहरु

६. एक स्थानमा एक पटकमा अधिकतम १० जना नबढ्ने गरी संचालन गरिने शहरी पूर्वाधार सम्वन्धी आयोजनाहरु

७. माथी उल्लेखित आयोजनाहरुमा काम गर्ने श्रमिकहरुलाई सम्वन्धित निकाय/आयोजनाले दैनिक रुपमा स्वास्थ्य जाँच गराउने व्यवस्था मिलाउने । कार्यस्थलमै खानेबस्ने व्यवस्था मिलाउने ।

८. ढुङ्गा-गिट्टी, बालुवा लगायत निर्माण सामग्रीहरुको तोकिएको समयमा उत्पादन, सङ्कलन र ढुवानी ।

. सार्वजनिक सेवा सम्वन्धीः

१. बैङ्क तथा वित्तीय संस्था मार्फत अति आवश्यकीय सेवा प्रवाह गर्नुपर्ने कार्यका लागि मात्र तोकिएको दिन र समयमा आवश्यक पर्ने कर्मचारी मध्ये एक तिहाई कर्मचारीद्धारा सेवा सञ्चालन गर्ने । नगद कारोबार गर्दा खुद्रा पैसा कम हुने गरी गर्न आवश्यक सहजीकरण गर्ने ।

२. अति आवश्यकीय सेवा प्रदान गर्ने विद्युत, खानेपानी, सञ्चार, फोहोरमैला व्यवस्थापन, दमकल संचालन गर्ने निकायले न्यूनतम कर्मचारी आलोपालो मिलाई तोकिएका स्वास्थ्य सुरक्षा सम्वन्धी मापदण्डको अनुसरण गरी कार्यालय सञ्चालन गर्ने ।

. औद्योगिक उत्पादन सम्वन्धी

१. चामल, दाल, तेल, चिउरा, पाउरोटी, पिठो, चाउचाउ, पानी प्रशोधन जस्ता उद्योगहरु ।

२. बढीमा ५ जनासम्म कामदार रहने गरी सवारी साधन अन्य मेशिनरीहरुको मर्मत गर्ने वर्कशप, प्लम्बिङ, इलेक्ट्रिकल सेवा तथा पेट्रोल पम्प संचालन

यस जिल्लामा COVID-19 को संक्रमण देखिएमा जोखिमको अवस्था मुल्याङ्कन गरी जिल्लाको कुनै स्थान वा पुरै जिल्लामा माथी उल्लेखित क्रियाकलापहरु मध्ये केही निश्चित अवधिका लागि जिल्ला प्रशासन कार्यालय बर्दियाले रोक लगाउन सक्ने ।

मिति २०७७/०१/२९

आज मिति २०७७ बैशाख २९ गते प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछानेको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला संकट व्यवस्थापन केन्द्र (DCMC) को बैठक बसि निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्र.जि.अ. श्री प्रेमलाल लामिछाने, जिल्ला प्रशासन कार्यालय, बर्दिया | संयोजक |
| प्र.उ. श्री केदार रजौरे, जिल्ला प्रहरी कार्यालय बर्दिया | सदस्य |
| स.प्र.उ. श्री यादव विश्वकर्मा, सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गण हे.क्वा | सदस्य |
| उप.अनु.नि. श्री योगेन्द्र के.सी. राष्ट्रिय अनुसन्धन जिल्ला कार्यालय बर्दिया | सदस्य |
| सेनानी श्री श्यामु शाही , भैरब प्रसाद गण सुरक्षा गुल्म बर्दिया, | सदस्य |
| मे.सु. डा. सुभाष पाण्डेय, बर्दिया अस्पताल | सदस्य |
| व.ज.अ. श्री गोकर्ण गिरी, स्वास्थ्य कार्यालय बर्दिया | सदस्य |
| नि. जि.स.अ. श्री कृष्णबहादुर खड्का, जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| प्र.अ. श्री नारायणप्रसाद ढकाल, जिल्ला प्रशासन कार्यालय, बर्दिया | सदस्य-सचिव |

**सल्लाहकार समुह/आमन्त्रित**

प्रमुख श्री शंकर प्रसाद थारु, जिल्ला समन्वय समति बर्दिया ।

अध्यक्ष श्री बिरबहादुर चौधरी, उद्योग वाणिज्य संघ बर्दिया ।

निर्णयः

१. कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण रोकथाम तथा उपचारका सम्बन्धमा यस समितिको यस अघिको बैठकको निर्णय कार्यान्वयन स्थितिको समिक्षा भयो ।

२. मिति २०७७/०१/२१ गते बसेको जिल्ला विपद व्यवस्थापन समितिको निर्णय अनुसार लकडाउन अवधिभर उपभोग्य सामग्री खरिद विक्रिको समय आइतबार, मंगलबार र विहिवार मात्र विहान ७:०० बजे देखि ११:०० बजसम्म कायम भएकोमा विभिन्न सरोकारवालाहरुको राय सुझावलाई समेत विचार गरी मिति २०७७/०१/३० गते देखि लागुहुने गरी आइतबार देखि शुक्रबारसम्म ६ दिन विहान ११:०० बजे देखि दिउसो २:०० बजेसम्म कायम गर्ने ।

स्थायी लेखा नं. २०१२८४७७३

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गुलरिया, बर्दिया

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७६/०७७
च.नं.:स्था.प्र./

मिति: २०७७/०२/०५

## निषेधाज्ञा सम्वन्धी अत्यन्त जरूरी सूचना

नोवेल कोरोना भाईरस (COVID-19) को संक्रमण यस जिल्लासंग सिमाना जोडिएको भारतको सिमावर्ति क्षेत्र बहराइच जिल्ला र छिमेकी बाँके जिल्लाको नेपालगञ्जमा संक्रमण बढ्दै गएको हुँदा यस जिल्लामा उक्त भाइरसको संक्रमणको जोखिम अत्यन्त उच्च देखिएको अवस्था तथा नेपाल सरकार(मन्त्रिपरिषद) को मिति २०७७/०२/०४ गतेको निर्णय समेतलाई मध्येनजर गरी कोरोना भाइरस (COVID19) को सम्भावित संक्रमणको जोखिम नियन्त्रण तथा रोकथामको लागि संक्रामक रोग ऐन, २०२० को दफा २ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम मिति २०७६।१२।११ गते विहान ६ बजे देखि जारी भएको निषेधाज्ञा मिति २०७७/०२/२० गते मंगलबार मध्येरातसम्म कायम हुने गरी पुनः जारी गरिएको छ । थप भएको उक्त निषेधाज्ञा अवधिभर निम्नानुसार गर्न/गराउन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

क. माथि उल्लेखित अवधिभर औषधी उपचार तथा तोकिएको मिति र समयमा खाद्यवस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्तिहरु घरबाहिर ननिस्कने।

ख. शान्ति सुरक्षा, स्वास्थ्य, खाद्यवस्तु, खानेपानी, दुध, विद्युत, दमकल, सूचना तथा सञ्चार, भन्सार, क्वारेन्टाइन, फोहोरमैला व्यवस्थापन, इन्धन, एम्बुलेन्स, औषधी तथा तरकारी जस्ता अति आवश्यक सेवा बाहेक अन्य सम्पूर्ण पसल, व्यवसाय, सेवा संचालन पुर्ण रुपमा बन्द गर्ने।

ग. सुरक्षा निकाय, स्वास्थ्यकर्मीले प्रयोग गर्ने तथा अनुमति प्राप्त सवारी साधन बाहेक सबै प्रकारका सार्वजनिक तथा निजी यात्रुबाहक सवारी साधन सञ्चालन नगर्ने।

घ. बाँके जिल्लाको नेपालगंजमा संक्रमण फैलिदै गएको देखिएकोले गुलरिया-नेपालगंज सडक खण्डको वढैयातालको मानखोला हुँदै आवतजावत गर्ने सुरक्षा तथा स्वास्थ्य सम्वन्धी सवारी साधन बाहेक अन्य सवारी साधनहरु र यात्रुहरुको आवागमन बन्द गरिनेछ ।

ङ. बाँसगढी नगरपालिकाको मानखोला हुँदै सुरक्षाकर्मी, स्वास्थ्यकर्मीले प्रयोग गर्ने सवारी साधन, एम्बुलेन्स, औषधी/स्वास्थ्य सामग्री ढुवानी, खाना पकाउने ग्यास तथा पेट्रोलियम पदार्थ ढुवानी, कृषि विउविजन तथा कृषि मल ढुवानी, संचार, खानेपानी, विद्युत सेवा, राजमार्ग हुँदै अन्य जिल्ला जाने सवारीसाधन, अत्यावश्यक खाद्यान्न ढुवानीका सवारी साधनहरु बाहेक अन्य सवारी साधनहरुलाई जिल्ला भित्रिन पूर्ण रुपले रोक्ने।

च. अत्यावश्यक उपभोग्य वस्तुहरुको अभाव देखाई मुल्यवृद्धि गर्ने र कालाबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम नियन्त्रणमा लिई कारबाही हुने।

छ. छिमेकी मित्रराष्ट्र भारतसंग सिमाना जोडिएका सीमा नाकाहरु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरुको आवागमनमा गरिएको स्थगनलाई निरन्तरता दिइने छ ।

ज. माथि उल्लेखित निर्णयको अवज्ञा वा अवहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिलाई कानून बमोजिम कारवाही हुनेछ।

२०७७।२।०५

प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

स्थायी लेखा नं. २०१२८४७७३

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गुलरिया,बर्दिया

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७६/०७७
च.नं.:स्था.प्र./

मितिः २०७७/०२/३२

## जिल्ला प्रशासन कार्यालय बर्दियाको सेवा प्रवाह सम्वन्धी अत्यन्त जरुरी सूचना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) को संभावित संक्रमणको जोखिम न्यूनीकरण तथा नियन्त्रणका लागि मिति २०७६/१२/११ गते देखि जारी निषेधाज्ञाका कारण बन्द भएको नियमित सेवा प्रवाह, नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७७/०२/२८ गतेको निर्णय र गृह मन्त्रालयको च.नं. ४१६० मिति २०७७/०२/३० को पत्रानुसार मिति २०७७/०३/०१ गतेबाट लागु हुनेगरी यस कार्यालयबाट देहाय अनुसार सेवा प्रवाह सुचारु हुने व्यवस्था मिलाइएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहायः

१. यस कार्यालयबाट प्रवाह हुने सेवाहरु असार २१ गतेसम्मका लागि पहिलो सिफ्ट विहान ८ देखि दिनको १ बजेसम्म र दोस्रो सिफ्ट दिनको १ बजेदेखि साँझ ६ बजेसम्म गरी २ सिफ्टमा संचालन गरिनेछ।
२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी स्वास्थ्य सम्वन्धी प्रोटोकलको पुर्ण पालना गर्ने गराइनेछ।
३. कार्यालय परिसरमा प्रवेश गर्दा अनिवार्य रुपमा साबुन पानीले हात हुने र मास्कको अनिवार्य प्रयोग गरेको हुनुपर्नेछ।
४. सेवा प्रवाह गर्दा दुई मिटरको भौतिक दुरी कायम गरिनेछ ।
५. सेवा प्रवाहलाई व्यवस्थित बनाउन टोकन प्रणालीको व्यवस्था गरिएको छ ।
६. नयाँ नागरिकता र नागरिकताको प्रतिलिपी बाहेकका सेवा लिनु पर्ने भएमा टोकन आवश्यक पर्ने छैन।
७. नयाँ नागरिकताको प्रमाणपत्र बनाउन आउदा सम्वन्धित व्यक्ति र सोको सनाखत गर्ने एक जना तथा अन्य सेवाका लागि सम्वन्धित व्यक्ति मात्र उपस्थित हुनुपर्नेछ ।
८. सवारी पासको सम्वन्धमा साविकमा गरिएझै इमेल (daobardiya@gmail.com ) बाट सेवा प्रवाह गरिनेछ। सवारी पासका लागि थप जानकारी लिनुपर्ने भएमा ९८५८०२५०९५ मा सम्पर्क गर्नहुन ।
९. फरक क्षमता भएका, जेष्ठ नागरिक, गर्भवती/सुत्केरी महिला र कामको प्रकृति अनुसार अत्यावश्यक देखिएमा सेवा प्रवाहको क्रममा प्राथमिकता दिइनेछ ।
१०. सेवा प्रवाहलाई व्यवस्थित गर्न कोभिड-१९ को संक्रमण फैलन नदिनको लागि भिडभाड नहुने व्यवस्था मिलाउन सबै स्थानीय तहका वडा कार्यालयहरुले विशेष ध्यानदिनुहुन साथै आवश्यक परेमा यस कार्यालयसंग समन्वय तथा सम्पर्क गर्नुहुन अनुरोध छ ।
११. कोरोना भाइरसको जोखिम न्यूनिकरणका लागि सेवा लिन कार्यालय आउदा र घर फर्कदा अनिवार्य रुपमा तोकिएको मापदण्डको पालना गरौं, आफू पनि स्वस्थ बनौ र अरुलाई पनि स्वस्थ राख्न मद्दत गरौं ।

गणेश विक्रम शाह
प्रशासकीय अधिकृत

स्थायी लेखा नं. २०१२८४७७३

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गुलरिया, बर्दिया

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७६/०७७
च.नं.:स्था.प्र./

मितिः २०७७/०३/१९

## सवारी पास सम्वन्धी अत्यन्त जरुरी सूचना ।

नेपाल सरकार गृह मन्त्रालयको निर्देशन अनुसार गन्तव्य जिल्लाको जिल्ला प्रशासन कार्यालय र सम्वन्धित स्थानीय तहको सहमतिमा मात्र जिल्ला प्रशासन कार्यालयबाट अत्यावश्यक कार्यका लागि सवारी पास जारी गरिदै आएको व्यहोरा विदितै छ ।

बाहिरी जिल्लाबाट यस जिल्लामा प्रवेश गर्दा सवारी पाससंगै जिल्ला प्रशासन कार्यालय, बर्दियाको सहमति अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ तर बाँके-बर्दियालाई सवारी पास आवश्यक नपर्ने ।

काठमाडौं उपत्यका प्रवेशको हकमा काठमाडौ उपत्यका लगायत कतिपय जिल्लाबाट एकतर्फ पास मात्र लिएर यस जिल्लामा भित्रिने गरेको पाइएकाले त्यस्ता सवारीको लागि फिर्ता हुने पास यस कार्यालयबाट जारी नगरिने । मृत्यू संस्कार, अत्यन्त सिकिस्त/विशेष विरामी तथा अत्यावश्यक कार्यका लागि काठमाडौं/ललितपुर/भक्तपुर नगरपालिकाको सिफारिस र गाडी नं.(सार्वजनिक यातायातलाई सहमति नदिएको) खोली सवारी पासको लागि निवेदन पेश गरेमा मात्र काठमाडौ उपत्यका प्रवेशको सवारी पासको लागि सम्वन्धित स्थानमा अनुमति/सहमति माग गर्न सकिने व्यहोरा यसै सूचना मार्फत अनुरोध गरिन्छ । यसबाट सर्बसाधारण नागरिकहरुमा पर्न गएको असुविधाप्रति जिल्ला प्रशासन कार्यालय बर्दिया क्षमाप्रार्थी छ ।

2066/03/15

नारायण प्रसाद ढकाल
प्रशासकीय अधिकृत

आज मिति २०७७ साल श्रावण २२ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री लीलाधर अधिकारीको संयोजकत्वमा देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठक बसी निम्नानुसारको निर्णय गरियो।

## उपस्थिति

प्र.जि.अ. श्री लीलाधर अधिकारी, जिल्ला प्र. कार्यालय-(संयो...
प्र.उ. श्री केदार रजौरे, जिल्ला प्रहरी कार्यालय बर्दिया-(स...
नि.प्र.उ. श्री नर बहादुर रावत, सशस्त्र प्र. बल नेपाल नं ३१...
उप अनु. नि. श्री योगेन्द्र के.सी., रा.अ.जि.का. बर्दिया
सेनानी श्री श्याम शाही, भैरव प्रसाद गण (गुरुजा गुल्म) बर्दिया
मे.सु. श्री डा. प्रेमनाथ पाण्डेय, बर्दिया अस्पताल
व.जे.अ. श्री गोकर्ण गिरी, स्वास्थ्य कार्यालय बर्दिया
नि.जि.नि.अ. श्री कृष्ण बहादुर खड्का, जि.नि.का. बर्दिया
प्र.अ. श्री गणेश विक्रम शाह, जिल्ला प्र.का. बर्दिया - सदस्य...

## सल्लाहकार समूह

प्रमुख श्री शंकर प्रसाद थापा, जिल्ला समन्वय समिति, बर्दिया

## आमन्त्रित

प्रमुख श्री मुक्तिनाथ यादव, गुलरिया नगरपालिका
प्रमुख श्री शालिकराम अधिकारी, बाँसगढी नगरपालिका
प्रमुख श्री गणेश बहादुर खत्री, मधुवन नगरपालिका
प्रमुख श्री दुर्गा बहादुर थापा, बारबर्दिया नगरपालिका
प्रमुख श्री धन नारायण श्रेष्ठ, ठाकुरबाबा नगरपालिका
प्रमुख श्री शिव प्रसाद थापा, राजापुर नगरपालिका
उप प्रमुख ~~अध्यक्ष~~ श्री मान बहादुर विष्ट, जिल्ला समन्वय समिति
अध्यक्ष श्री लाल बहादुर श्रेष्ठ, बढैयाताल गाउँपालिका
अध्यक्ष श्री जमानसिंह के.सी., गेरुवा गाउँपालिका
प्रतिनिधि श्री जिवन मल्ल, सचिव ने.का. बर्दिया
प्रतिनिधि श्री धनेश्वर यादव, ने.क.पा., बर्दिया
प्रतिनिधि श्री देशराज कुमार यादव, रा.ज.पा.
प्रतिनिधि श्री कृष्ण प्रसाद यादव, समाजवादी पार्टी
उप प्रमुख श्री मनकला चौधरी, राजापुर नगरपालिका
अध्यक्ष श्री उजिर श्रेष्ठ, अस्पताल विकास समिति

अध्यक्ष श्री विर बहादुर चौधरी, उद्योग वाणिज्य संघ, बर्दिया
अध्यक्ष श्री बालकृष्ण लामिछाने, उद्योग वाणिज्य संघ, बढैयाताल
संयोजक श्री बालकृष्ण वली, नागरिक समाज, बर्दिया
उपाध्यक्ष श्री विष्णु तिमिल्सिना, जि. [illegible] महासंघ, बर्दिया
प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद गौतम, गुलरिया नगरपालिका
डिभिजनल वन अधिकृत प्रमुख श्री [illegible] डिभिजन वन बर्दिया
डि० प्रमुख श्री विष्णु प्रसाद पौडेल, जलश्रोत तथा सिंचाई
नि. आयोजना प्रमुख श्री [illegible] रावल, बबई [illegible]
आयोजना प्रमुख श्री प्रद्युम्न मिश्र, [illegible] सिंचाई [illegible]
प्रशासकीय अधिकृत श्री नारायण प्रसाद [illegible], जि.प्र.का. बर्दिया
प्रमुख प्रशासकीय अधिकृत श्री मदन रावल, DEOC, बर्दिया
प्रमुख श्री मान बहादुर [illegible], DLSA, बर्दिया

निर्णयः

१. कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण रोकथाम तथा उपचारका सम्बन्धमा यस समितिको यस अघिको बैठकको निर्णय कार्यान्वयन स्थितिको समिक्षा भयो ।

२. बर्दिया जिल्लाको सीमा क्षेत्र जोडिएका भारतका जिल्लाहरु तथा छिमेकी जिल्ला कैलालीमा समेत कोभिड-१९ को संक्रमण बढिरहेको छ । सोबाट यस जिल्लामा संक्रमण फैलिनसक्ने उच्च जोखिम रहेको छ साथै बर्दिया जिल्लाको प्रमुख व्यापारिक केन्द्र रहेको छिमेकी जिल्ला बाँके, नेपालगंजमा कोभिड-१९ को संक्रमणको दर बढिरहेकाले सो जिल्लाबाट यस जिल्ला समेत संक्रमणको उच्च जोखिममा रहेको । बाँके जिल्लामा निषेधाज्ञा जारी रहेको, यस जिल्लामा हालसम्म २४८ जनामा कोभिड-१९ पोजेटिभ देखिएको तथा समुदायस्तरमा समेत केही व्यक्तिहरुमा संक्रमण देखिएकोले संक्रमणको जोखिमलाई नियन्त्रणमा ल्याउन जरुरी छ साथै परीक्षण कार्यलाई व्यापकता दिन जरुरी देखिएको छ । यस सन्दर्भमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ एवम् स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम यस बर्दिया जिल्लामा मिति २०७७/०४/२५ गते विहान ६:०० बजे देखि मिति २०७७/०४/२९ गते मध्येरातसम्म बर्दिया जिल्लाभर देहाय बमोजिम गर्ने गरी निषेधाज्ञा जारी गर्ने ।

क. औषधी उपचार, खाद्य बस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने ।

ख. अनुमति प्राप्त सवारी साधन, झण्डावाल सवारी र निलो(कुटनीतिक) प्लेटका सवारी साधनहरु, लामो दुरीका मालबाहक साधनहरु, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका निजी, सार्वजनिक एवम् सरकारी सवारी साधन सञ्चालनमा पूर्ण रुपमा रोक लगाउने ।

ग. शान्ति सुरक्षा तथा सु-व्यवस्था, स्वास्थ्य, खाद्यबस्तु, खानेपानी, दुध, विद्युत, सूचना तथा सञ्चार, भन्सार, फोहोरमैला व्यवस्थापन, इन्धन, एम्बुलेन्स सेवा, शवबाहन, दमकल, औषधी, तरकारी तथा फलफूल जस्ता अति आवश्यक सेवा बाहेक अन्य सम्पूर्ण सेवा संचालनमा रोक लगाउने ।

घ. अत्यावश्यक कार्यका लागि घरबाहिर निस्कने जो कोहीले पनि अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, न्यूनतम भौतिक दुरी कायम राख्ने र अन्य आधारभूत स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पुर्ण पालना गर्ने ।

ङ. छिमेकी मित्रराष्ट्र भारतसंग सिमाना जोडिएका सीमानाकाहरु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरुको आवागमन पूर्णरुपमा निषेध गर्ने ।

च. उपरोक्त निर्णयको अवज्ञा वा अपहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिलाई कानून बमोजिम कारवाही गर्ने ।

३. कोभिड-१९ को संक्रमितहरुको उपचारका लागि यस जिल्लामा RT-PCR प्रयोगशाला स्थापना गर्ने निर्णय भए बमोजिम सबै स्थानीय तहले तत्काल रु. १० लाख गुलरिया नगरपालिकाको प्रकोप व्यवस्थापन कोष खाता नं. ४१४००३०७०२०००२ मा उपलव्ध गराउने । प्रयोगशाला स्थापना र संचालनमा गुलरिया नगरपालिका र बर्दिया अस्पतालले आवश्यक व्यवस्था मिलाउने । RT-PCR प्रयोगशाला संचालनमा संघ तथा प्रदेश सरकार तथा सहयोगी संघ सस्थाहरुबाट सहयोग प्राप्त भएमा तथा रकम बचत भएमा सम्वन्धित स्थानीय तहमा गुलरिया नगरपालिकाले फिर्ता पठाउने ।

४. यस जिल्लामा कोभिड-१९ को संक्रमण समुदायस्तरमा भए नभएको परीक्षणका लागि सबै स्थानीय तहले जोखिमयुक्त क्षेत्रको पहिचान गरी तत्काल कम्तिमा १००/१०० जनाको कोभिड-१९ परीक्षणको व्यवस्था मिलाउने । उक्त कार्यमा स्वास्थ्य कार्यालयले परीक्षणका लागि आवश्यक VTM खरिद गर्नुपर्ने भए खरिद गरेर आवश्यक प्रबन्ध मिलाउने ।

५. यस जिल्लामा कोभिड-१९ को सिकिस्त विरामी उपचार गर्न ICU उपचार कक्ष हालसम्म नभएकाले आवश्यक भएकाले ICU सम्वन्धी औजार उपकरण जस्तै भेन्टिलेटर र अन्य स्वास्थ्य सामग्री लगायत ICU भवन निर्माण र त्यसमा लाग्ने जनशक्तिको व्यवस्थापनका लागि मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय र सामाजिक विकास मन्त्रालय प्रदेश नं. ५ बुटवललाई अनुरोध गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

स्थायी लेखा नं. २०१२८४७७३
०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७७/०७८
च.नं.:स्था.प्र./

मितिः २०७७/०४/२९

## निषेधाज्ञा सम्वन्धी अत्यन्त जरूरी सूचना

बर्दिया जिल्लाको सीमा क्षेत्र जोडिएका भारतका जिल्लाहरु, छिमेकी जिल्ला बाँके नेपालगंजमा कोभिड-१९ को संक्रमणको दर बढिरहेकाले सो जिल्लाहरुबाट यस जिल्ला समेत संक्रमणको उच्च जोखिम कायमै रहेको छ निषेधाज्ञाको अवधिमा PCR परीक्षण कार्यलाई तिब्रता दिएकोमा समुदायस्तरमा केही व्यक्तिहरुमा संक्रमण देखिएकोले संक्रमणको जोखिमलाई नियन्त्रणमा ल्याउन जरुरी छ । यस सन्दर्भमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ एवम् स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७७/०४/२५ गते विहान ६:०० बजे देखि मिति २०७७/०४/२९ गते मध्येरातसम्मका लागि गरिएकोमा मिति २०७७/०४/२९ गते बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) बर्दियाको बैठकबाट मिति २०७७/०४/३२ गते मध्येरातसम्मका लागि बर्दिया जिल्लाभर लागु हुने गरी निषेधाज्ञाको अवधि थप गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

क. माथि उल्लेखित अवधिभर औषधी उपचार, खाद्य बस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने ।

ख. अनुमति प्राप्त सवारी साधन, झण्डावाल सवारी र निलो(कुटनीतिक) प्लेटका सवारी साधनहरु, लामो दुरीका मालबाहक साधनहरु, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका निजी, सार्वजनिक एवम् सरकारी सवारी साधन सञ्चालनमा पूर्ण रुपमा निषेध गरिएको ।

ग. शान्ति सुरक्षा तथा सु-व्यवस्था, स्वास्थ्य, खाद्यबस्तु, खानेपानी, दुध, विद्युत, सूचना तथा सञ्चार, भन्सार, फोहोरमैला व्यवस्थापन, इन्धन, एम्बुलेन्स सेवा, शवबाहन, दमकल, औषधी, तरकारी तथा फलफूल जस्ता अति आवश्यक सेवा बाहेक अन्य सम्पूर्ण सेवा संचालनमा निषेध गरिएको ।

घ. अत्यावश्यक कार्यका लागि घरबाहिर निस्कने जो कोहीले पनि अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, न्यूनतम भौतिक दुरी कायम राख्ने साथै अन्य आधारभूत स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गर्नुपर्नेछ ।

ङ. छिमेकी मित्रराष्ट्र भारतसंग सिमाना जोडिएका सीमानाकाहरु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरुको आवागमन पूर्णरुपमा निषेध गरिएको ।

च. अत्यावश्यक उपभोग्य बस्तुहरुको अभाव देखाई मुल्य वृद्धि गर्ने र कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

छ. उपरोक्त निर्णयको अवज्ञा वा अपहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिलाई कानून बमोजिम कारवाही हुनेछ ।

2066/08/29

नारायण प्रसाद ढकाल
प्रशासकीय अधिकृत

स्थायी लेखा नं. २०१२८४७७३

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९१ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७७/०७८
च.नं.:स्था.प्र./

मिति: २०७७/०४/२९

## निषेधाज्ञा सम्वन्धी अत्यन्त जरूरी सूचना

बर्दिया जिल्लाको सीमा क्षेत्र जोडिएका भारतका जिल्लाहरु, छिमेकी जिल्ला बाँके नेपालगंजमा कोभिड-१९ को संक्रमणको दर बढिरहेकाले सो जिल्लाहरुबाट यस जिल्ला समेत संक्रमणको उच्च जोखिम कायमै रहेको छ निषेधाज्ञाको अवधिमा PCR परीक्षण कार्यलाई तिब्रता दिएकोमा समुदायस्तरमा केही व्यक्तिहरुमा संक्रमण देखिएकोले संक्रमणको जोखिमलाई नियन्त्रणमा ल्याउन जरुरी छ । यस सन्दर्भमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ एवम् स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७७/०४/२५ गते विहान ६:०० बजे देखि मिति २०७७/०४/२९ गते मध्येरातसम्मका लागि गरिएकोमा मिति २०७७/०४/२९ गते बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) बर्दियाको बैठकबाट मिति २०७७/०४/३२ गते मध्येरातसम्मका लागि बर्दिया जिल्लाभर लागु हुने गरी निषेधाज्ञाको अवधि थप गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

क. माथि उल्लेखित अवधिभर औषधी उपचार, खाद्य बस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने ।

ख. अनुमति प्राप्त सवारी साधन, झण्डावाल सवारी र निलो(कुटनीतिक) प्लेटका सवारी साधनहरु, लामो दुरीका मालबाहक साधनहरु, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका निजी, सार्वजनिक एवम् सरकारी सवारी साधन सञ्चालनमा पूर्ण रुपमा निषेध गरिएको ।

ग. शान्ति सुरक्षा तथा सु-व्यवस्था, स्वास्थ्य, खाद्यबस्तु, खानेपानी, दुध, विद्युत, सूचना तथा सञ्चार, भन्सार, फोहोरमैला व्यवस्थापन, इन्धन, एम्बुलेन्स सेवा, शवबाहन, दमकल, औषधी, तरकारी तथा फलफूल जस्ता अति आवश्यक सेवा बाहेक अन्य सम्पूर्ण सेवा संचालनमा निषेध गरिएको ।

घ. अत्यावश्यक कार्यका लागि घरबाहिर निस्कने जो कोहीले पनि अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, न्यूनतम भौतिक दुरी कायम राख्ने साथै अन्य आधारभूत स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गर्नुपर्नेछ ।

ङ. छिमेकी मित्रराष्ट्र भारतसंग सिमाना जोडिएका सीमानाकाहरु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरुको आवागमन पूर्णरुपमा निषेध गरिएको ।

च. अत्यावश्यक उपभोग्य बस्तुहरुको अभाव देखाई मुल्य वृद्धि गर्ने र कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

छ. उपरोक्त निर्णयको अवज्ञा वा अपहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिलाई कानून बमोजिम कारवाही हुनेछ ।

2077/04/29

नारायण प्रसाद ढकाल
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

स्थायी लेखा नं. २०१२८४७७३
०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com


प.सं.:०७७/०७८
च.नं.:स्था.प्र./

मितिः २०७७/०४/३२

## निषेधाज्ञा सम्वन्धी अत्यन्त जरूरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण बढिरहेको छ । यस जिल्लामा हालसम्म २९६ जनामा कोभिड-१९ पोजेटिभ देखिएको तथा समुदायस्तरमा समेत केही व्यक्तिहरुमा संक्रमण देखिएकोले संक्रमणको जोखिमलाई नियन्त्रणमा ल्याउन जरुरी देखिएको छ । यस सन्दर्भमा कोभिड-१९ को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ एवम् स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७७/०४/२५ गते विहान ६:०० बजे देखि मिति २०७७/०४/३२ गते मध्येरातसम्मका लागि गरिएकोमा मिति २०७७/०४/३२ गते बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) बर्दियाको बैठकबाट मिति २०७७/०५/०५ गते मध्येरातसम्मका लागि बर्दिया जिल्लाभर लागु हुने गरी निषेधाज्ञाको अवधि थप गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

क. माथि उल्लेखित अवधिभर औषधी उपचार, खाद्य बस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने ।

ख. अनुमति प्राप्त सवारी साधन, झण्डावाल सवारी र निलो(कुटनीतिक) प्लेटका सवारी साधनहरु, लामो दुरीका मालबाहक साधनहरु, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका निजी, सार्वजनिक एवम् सरकारी सवारी साधन सञ्चालनमा पूर्ण रुपमा निषेध गरिएको ।

ग. शान्ति सुरक्षा तथा सु-व्यवस्था, स्वास्थ्य, खाद्यबस्तु, खानेपानी, दुध, विद्युत, सूचना तथा सञ्चार, भन्सार, फोहोरमैला व्यवस्थापन, इन्धन, एम्बुलेन्स सेवा, शवबाहन, दमकल, औषधी, तरकारी तथा फलफूल जस्ता अति आवश्यक सेवा बाहेक अन्य सम्पूर्ण सेवा संचालनमा निषेध गरिएको ।

घ. अत्यावश्यक सेवा प्रवाह गर्ने सरकारी कार्यालयहरु, बैंक तथा वित्तीय संस्थाहरुले अनलाईन, भर्चुअल वा विद्युतिय माध्यमबाट अत्यावश्यक सेवा प्रवाह गर्ने । सो सम्भव नभए केही कर्मचारी राखि स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गर्नेगरी अत्यावश्यक सेवा प्रवाह गर्ने ।

ङ. अत्यावश्यक कार्यका लागि घरबाहिर निस्कने जो कोहीले पनि अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, न्यूनतम भौतिक दुरी कायम राख्ने साथै अन्य आधारभूत स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गर्नुपर्नेछ ।

च. छिमेकी मित्रराष्ट्र भारतसंग सिमाना जोडिएका सीमानाकाहरु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरुको आवागमन पूर्णरुपमा निषेध गरिएको ।

छ. अत्यावश्यक उपभोग्य बस्तुहरुको अभाव देखाई मुल्य वृद्धि गर्ने र कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

ज. उपरोक्त निर्णयको अवज्ञा वा अपहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिलाई कानून बमोजिम कारवाही हुनेछ ।

२०७७/४/३२

गणेश विक्रम शाह
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

स्थायी लेखा नं. २०१२८४७७३
०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७७/०७८
च.नं.:स्था.प्र./

मिति: २०७७/०५/०५

## सूचना! सूचना!! सूचना!!!

बर्दिया जिल्लामा हालसम्म पनि कोभिड-१९ को संक्रमणको उच्च जोखिम कायमै रहेको छ । जनजिवनलाई सहज बनाई समुदायस्तरमा समेत देखिएको कोभिड-१९ को संक्रमणलाई नियन्त्रणमा ल्याउने सन्दर्भमा मिति २०७७/०४/२५ देखि लागु भएको निषेधाज्ञा मिति २०७७/०५/०५ गते मध्येरातबाट समाप्त हुने भएकाले मिति २०७७/०५/०४ गते बसेको जिल्ला सुरक्षा समिति बर्दियाको निर्णय अनुसार मिति २०७७/०५/०६ गते देखि अर्को आदेश नभएसम्मका लागि दुई मिटरको भौतिक दुरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्नेगरी बर्दिया जिल्ला भरी देहाय बमोजिम हुने व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

क. अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने, भिडभाडमा तथा आफन्त भेटघाटमा नजाने । घर बाहिर निस्कनै परेमा स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गर्ने ।

ख. PCR परीक्षण (स्वाव दिएका) व्यक्तिहरुले नतिजा प्राप्त नहुदासम्म अनिवार्य रुपमा होम क्वारेन्टीनमा बस्ने ।

ग. कुनै पनि भेला, सम्मेलन, जमघट हुने किसिमका धार्मिक, सामाजिक, सास्कृतिक तथा राजनीतिक कार्यक्रमहरु नगर्ने, नगराउने ।

घ. धार्मिकस्थलहरुमा दैनिक नित्य पूजा बाहेक अन्य कुनै पनि गतिविधि संचालन नगर्ने, नगराउने । सबै धर्मावलम्बीहरुले आ-आफ्नो चाडपर्वहरुमा आ-आफ्नै घरभित्रै रही जनस्वास्थ्यका मापदण्डहरु पालना गरेर परिवारका सदस्यहरुले मात्र मनाउने ।

ङ. बिद्यालय, पार्टी प्यालेस, होटल, रेष्टुरेण्ट, सैलुन, व्युटीपार्लर, जिमखाना र सार्वजनिक सवारी साधनहरु अर्को आदेश नभएसम्मका लागि संचालन नगर्ने । तर होटल तथा रेष्टुरेन्टबाट तयार गरिएका खाद्य परिकार लैजाने सेवा (Take Away) मात्र संचालन गर्ने।

च. स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना सहित प्रकरण नं. घ मा उल्लेखित बाहेक अन्य सम्पुर्ण पसल व्यवसाय शनिबार बाहेक विहान ९ बजेदेखि बेलुका ५ बजेसम्म संचालन गर्ने ।

छ. सार्वजनिक सेवा प्रवाह गर्ने निकाय/कार्यालयहरुले जनस्वास्थ्य र सुरक्षाका मापदण्ड सुनिश्चित हुने विधि र प्रकृया अवबलम्बन गरी सेवा प्रवाह गर्ने ।

ज. जिल्ला भित्र संचालन हुने निजि सवारी साधनहरु मितिको अंकको आधारमा जोर नम्बरमा जोर र विजोर नम्बरमा बिजोर सवारी साधनहरु संचालन गर्ने ।

झ. छिमेकी मित्रराष्ट्र भारतसंग सिमाना जोडिएका सीमानाकाहरुबाट हुनसक्ने यात्रुहरुको आवागमन पूर्णरुपमा निषेध गरिएको छ ।

नारायण प्रसाद ढकाल
प्रशासकीय अधिकृत

ञ. राती ९ बजेदेखि विहान ५ बजेसम्म व्यक्ति/सवारी आवागमन(अनुमति प्राप्त बाहेक) पूर्णरुपमा निषेध गरिएको छ।

ट. अत्यावश्यक काममा अन्तरजिल्ला आवागमन गर्नुपरेमा यस कार्यालयबाट अनुमति/सहमति लिनुपर्ने छ।

ठ. माथी उल्लेखित निर्णयहरुको पालना गर्न गराउन सबै नगरपालिका तथा गाउँपालिकाहरुले अनुगमन टोली गठन गरी कडाइका साथ अनुगमन गरिने छ ।

ड. जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्डहरुको जिल्लाभर पालना तथा परिस्थितिको समिक्षा एवम् संक्रमणको जोखिम विश्लेषणका आधारमा उल्लिखित व्यवस्थामा आवश्यक हेरफेर एवम् थपघट गरिने छ।

ढ. अत्यावश्यक उपभोग्य बस्तुहरुको अभाव देखाई मुल्य वृद्धि गर्ने र कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही गरिने छ ।

ण. उपरोक्त निर्णयको अवज्ञा वा अपहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही गरिने छ ।

नारायण प्रसाद ढकाल
प्रशासकीय अधिकृत

जिल्ला प्रशासन कार्यालय बर्दिया

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

स्थायी लेखा नं. २०१२८४७७३
०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७७/०७८
च.नं.:स्था.प्र./

मिति: २०७७/०५/०५

## स्थानीय तहगत रुपमा सेवा प्रवाह सम्वन्धी अत्यन्त जरुरी सूचना

